# भाग ४

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

माननीय अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले २०४२ साल आषाढ २५ गतेका दिन दिनुभएको आर्थिक वर्ष २०४२।४३ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष महोदय,

१.१ राष्ट्रिय पञ्चायतको यो छत्तीसौं अधिवेशनमा आर्थिक वर्ष २०४२।४३ को आय-व्यय विवरण पेश गर्न उपस्थित भएको छु। आर्थिक वर्ष २०४२।४३ देशको लागि एक महत्वपूर्ण वर्ष हो। एकातिर यो वर्ष नेपाल अधिराज्यको संविधानको तेस्रो संशोधन अनुसार मुलुकमा निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्था अन्तर्गत राष्ट्रिय पञ्चायतको निमित्त दोस्रो आमचुनाव हुँदैछ भने अर्कोतिर यही वर्षदेखिनै सातौं पञ्चवर्षीय योजनाको थालनि हुंदैछ। यसरी देश राजनैतिक तथा आर्थिक दुवै क्षेत्रमा एक चरणबाट अर्को चरणमा प्रवेश गर्दैछ । साथै आगामी वर्षदेखिनै विकेन्द्रीकरण ऐन र यससम्बन्धी कार्य व्यवस्था नियमावली अनुरूप जिल्ला पञ्चायतहरूबाटनै जिल्लास्तरीय विकास योजना कार्यान्वयन हुने भएको छ । यसै परिप्रेक्ष्यमा बजेट तर्जुमा गर्दा यसको महत्व तथा यसबाट उत्पन्न हुने दायित्वप्रति म पूर्ण सजग रहेको छु ।

१.२ श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय विकास परिषद्को एघारौं बैठकको अवसरमा देशमा अनावश्यक रूपबाट जनताको आकांक्षा नबढाई राष्ट्रिय मूल नीतिको लक्ष्य र हाम्रो वास्तविक क्षमतालाई ध्यानमा राखी दृढतापूर्वक योजनाको कार्यान्वयन गरिनु पर्ने कुरामा जोड दिन निर्देशन बक्स भएको हो। तदनुरूप सातौं योजनाले पनि उत्पादनमा बढी दरले वृद्धि गर्ने, उत्पादनशील रोजगारीका अवसरहरू वृद्धि गर्ने र जनताको न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्ने लक्ष्यहरू कायमै राखी आधारभूत विकास नीतिहरू तर्जुमा गर्दा निर्माण भई सकिएका पूर्वाधारहरूको क्षमताको पूर्ण उपयोग गर्नमा मद्दत पुरयाउने, छिटो उत्पादन बढाउन सघाउ पुरयाउने किसिमका कार्यक्रमहरूमा लगानी केन्द्रित गर्ने र अर्थतन्त्रको आधार-लाई बलियो पारी आउने वर्षहरूमा विकास गतिलाई बढी तीव्र पार्न आवश्यक आधारशिलाहरूको स्थापनामा लगानी बढाउन जोड दिएको छ । मैले प्रस्तुत गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागेको आर्थिक वर्ष २०४२।४३ को बजेटले पनि यही मूलभूत लगानी नीतिलाई अवलम्बन गरेको छ।

१.३ अघि उल्लेख गरेझैं लगानी नीति तर्जुमा गर्दा मैले सातौं योजनाले निर्दिष्ट गरेको लक्ष्यहरू प्रति केन्द्रित गरेको छु भने आर्थिक नीतिहरूको तर्जुमा गर्दा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट २०४२ सालको नव वर्षको शाही सन्देशमा "हामीलाई यो कुरा स्पष्ट भई सकेको छ कि सरकारी निकायहरूबाट मात्र देशमा विकासको लहर फैलिन सक्दैन। सच्चा विकास जनताको पाखुरा, पसिना, मन र मस्तिष्कमा नै अडेको हुन्छ। त्यसैले देशको सर्वाङ्गीण विकासमा व्यापक जनसहभागिता जुटाउन निजी क्षेत्रलाई यथासक्य प्रोत्साहन दिन र समुचित मूल्यको व्यवस्थाद्वारा उत्पादन वृद्धितर्फ हौसला दिनमा विशेष ध्यान दिनुपरेको छ" भनी बक्स भएको हुकुमलाई नै मार्ग दर्शनको रूपमा लिएको छु।

अध्यक्ष महोदय,

१.४ चालू आर्थिक वर्षको आर्थिक गतिविधिको विस्तृत विवरण यस सदनमा मैले पेश गरेको आर्थिक सर्भेक्षणबाट माननीय सदस्यहरूलाई अवगत भैसकेकै हुनु पर्दछ। तथापि यस सम्बन्धमा संक्षिप्तमा केही उल्लेख गर्नु प्रासंगिक ठान्दछु।

१.५ आर्थिक वर्ष २०४०।४१ मा खाद्यान्न बालीको उत्पादन ३९.४ प्रतिशतले वृद्धिभै कीर्तिमान स्तरमा पुगेकोमा चालू वर्ष मौसम त्यतिको अनुकूल नभएकोले गत वर्षको स्तरभन्दा १.५ प्रतिशतले घट्न गएको छ। गत वर्षको तुलनामा चालू वर्ष धानको उत्पादन १.७ प्रतिशतले र गहुँको उत्पादन १७.९ प्रतिशतले घटेको छ भने मकै र कोदोको उत्पादन क्रमशः ७.७ प्रतिशत र ८.३ प्रतिशतले वृद्धि भएको छ। नगदे बालीतर्फ भने गत वर्ष १.९ प्रतिशतले उत्पादन घटेकोमा चालू वर्ष ७.४ प्रतिशतले वृद्धि हुने अनुमान छ। औद्योगिक उत्पादन पनि गत वर्षको तुलनामा करीब २ प्रतिशतले वृद्धि हुने अनुमान छ र छैठौं योजनाको अवधिमा सरदर ९.१ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालू वर्ष अधिकांश उद्योगहरूको उत्पादनमा उल्लेखनीय रूपले वृद्धि भएता पनि चिनी, जूट, सिमेण्टजस्ता प्रमुख उद्योगहरूको उत्पादन घटेकोले तथा केही औद्योगिक वस्तुहरू उत्पादन सूचीमा समावेश नभएकोले औद्योगिक उत्पादन सूचीमा विशेष वृद्धि नदेखिएको हो।

१.६ चालू वर्षमा देशको निर्यात व्यापारमा उल्लेखनीय वृद्धि भएको छ। गत वर्ष निर्यात व्यापार ५०.५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष करीब ५८ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालू वर्षको ९ महीनाको अवधिमा भारततर्फको निर्यातमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१.५ प्रतिशत र समुद्रपार देशहरूतर्फको निर्यातमा ८९.२ प्रतिशतले वृद्धि भएको छ। तर आयाततर्फ भने गत वर्षको ९ महीनामा कुल आयात ९.५ प्रतिशतले वृद्धि भएकोमा चालू वर्ष सोही अवधिमा २२ प्रतिशतले वृद्धि भएको छ। फलस्वरूप चालू वर्षको ९ महीनामा कुल व्यापार घाटा गत वर्षको ९ महीनाको तुलनामा ९.८ प्रतिशतले बढ्न गएको छ।

१.७ चालू वर्षको ९ महीनामा मुद्रा प्रदाय १५.४ प्रतिशतले वृद्धि भएको छ जब कि गत वर्ष यही अवधिमा ११.८ प्रतिशतले मात्र वृद्धि भएको थियो। यसो हुनुको मुख्य कारण आन्तरिक कर्जा वृद्धि हुनु हो। तर गत वर्ष कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारमा गएको कर्जाको अंश करीब ६२ प्रतिशत भएकोमा यस वर्ष करीब ४६ प्रतिशतमा झोर्लेको छ। यसप्रकार चालू वर्ष निजी क्षेत्रमा बैंकहरूबाट कर्जाको प्रवाह गत वर्षको दाँजोमा निकै वृद्धि भएको छ।

१.८ मूल्य स्थितितर्फ भने गत वर्षको ९ महीनामा राष्ट्रिय उपभोक्ता मूल्य सूची औषत ६.७ प्रतिशतले वृद्धि भएकोमा चालू वर्ष ३.२ प्रतिशतले बढ्न गएको छ। यसो हुनुमा चालू वर्षको ९ महीनामा मुख्यतः खाद्यान्नको मूल्य घट्न गएकोले हो। तर खाद्यान्नबाहेक अरू वस्तुहरू तथा सेवाहरूको मूल्य भने केही बढ्न गएको छ।

१.९ मैले देशको अर्थ व्यवस्थाको गतिविधिहरूको संक्षिप्तमा विवेचना गरें। यसबाट हामीले हाम्रो अर्थ व्यवस्थाको विभिन्न पक्षहरूमा सामना गर्नुपर्ने समस्याहरू स्पष्ट छन्। हाम्रो मुख्य समस्याहरूमा बढ्दो भुक्तानी असन्तुलन स्थिति, उत्पादकत्वमा वाञ्छित मात्रामा वृद्धि हुन नसक्नु, जनसंख्याको वृद्धि र आयोजनाको कार्यान्वयनमा ढिलाइ हुनु नै प्रमुख हुन्। यीनै चुनौतिहरूलाई समाधान गर्नेतर्फ नै हाम्रो प्रयासहरू लक्षित हुनु पर्दछ।

## २

अध्यक्ष महोदय,

२.१ अब म आर्थिक वर्ष २०४०।४१ को यथार्थ आय-व्यय विवरण र चालू वर्षको संशोधित आय-व्यय विवरण पेश गर्दछु।

२.२ आर्थिक वर्ष २०४०।४१ मा कुल रू. ७ अरब ३२ करोड ३३ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. ७ अरब ४३ करोड ७३ लाख खर्च भयो। साधारणतर्फ रू. २ अरब २६ करोड ३४ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. २ अरब २७ करोड ३५ लाख खर्च भयो। त्यस्तै विकासतर्फ जम्मा रू. ५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अरब ५ करोड ९९ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च रू. ५ अरब १६ करोड ३८ लाख हुन पुग्यो।

२.३ राजस्वतर्फ आर्थिक वर्ष २०४०।४१ मा कुल आय रू. ३ अरब ४० करोड ३७ लाख प्राप्त हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. ३ अरब ४० करोड ९३ लाख प्राप्त भयो। त्यस्तै विदेशी सहायतातर्फ अनुदान सहायता रू. १ अरब १४ करोड ५९ लाख र विदेशी ऋण रू. १ अरब ३७ करोड ३९ लाख प्राप्त हुने संशोधित अनुमान भएकोमा यथार्थमा विदेशी सहायता अनुदान रू. ८७ करोड ६६ लाख र विदेशी ऋण रू. १ अरब ६७ करोड ९ लाख प्राप्त भयो। यसप्रकार विकास खर्चको लागि नपुग रकम रू. १ अरब ३९ करोड ९८ लाख आन्तरिक ऋण उठाई व्यहोरिने संशोधित अनुमान भएकोमा यथार्थमा रू. १ अरब ४८ करोड ५ लाख आन्तरिक ऋणबाट व्यहोरिएको थियो।

२.४ चालू बर्षमा कुल खर्च रू. ९ अरब ८० करोड ९२ लाख हुने अनुमान भएकोमा रू. ८ अरब ५२ करोड २८ लाख अर्थात् अनुमानको ८७ प्रतिशत खर्च हुने संशोधित अनुमान छ। यसमध्ये साधारणतर्फ जम्मा रू. ३ अरब ७ करोड ९२ लाख खर्च हुने अनुमान भएकोमा रू. २ अरब ९९ करोड ५२ लाख खर्च हुने संशोधित अनुमान छ। त्यस्तै विकासतर्फ जम्मा रू. ६ अरब ७३ करोड खर्च हुने अनुमान भएकोमा जम्मा रू. ५ अरब ५२ करोड ७६ लाख खर्च हुने संशोधित अनुमान छ।

२.५ चालू आर्थिक वर्षमा राजस्वतर्फ जम्मा रू. ४ अरब १९ करोड १ लाख प्राप्त हुने अनुमान गरिएकोमा जम्मा रू. ४ अरब ५ करोड ५४ लाख अर्थात् शुरू अनुमानको करीब ९७ प्रतिशत प्राप्त हुने संशोधित अनुमान छ। विदेशी सहायता अनुदानतर्फ रू. १ अरब ६१ करोड ६७ लाख प्राप्त हुने अनुमान भएकोमा रू. १ अरब ९ करोड ७५ लाख प्राप्त हुने संशोधित अनुमान छ। त्यस्तै विदेशी सहायता ऋणतर्फ जम्मा रू. २ अरब ५९ करोड ९७ लाख प्राप्त हुने शुरूको अनुमान भएकोमा रू. १ अरब ७० करोड १९ लाख प्राप्त हुने संशोधित अनुमान छ। यसप्रकार चालू वर्षको संशोधित अनुमान अनुसार कुल खर्च रू.८ अरब ५२ करोड २८ लाखमध्ये रू. ४ अरब ५ करोड ५४ लाख राजस्वबाट र रू. २ अरब ७९ करोड ९४ लाख वैदेशिक सहायताबाट व्यहोरिने संशोधित अनुमान भएकोले बाँकी रू. १ अरब ६६ करोड ८० लाख आन्तरिक ऋण तथा नेपाल राष्ट्र बैंकबाट ओभरड्राफ्ट लिई व्यहोर्नु पर्ने देखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ३

अध्यक्ष महोदय,

३.१ अब म आर्थिक वर्ष २०४२।४३ को आय-व्यय विवरण तैयार गर्दा अपनाएको नीति एवं कार्यक्रमहरूको विवेचना गर्दछु ।

३.२ सातौं योजनाको लक्ष्यलाई सफलतापूर्वक उपलब्ध गर्न एकातिर सरकारी र गैरसरकारी क्षेत्रमा बढी साधन जुटाउन सक्नु परेको छ भने अर्कोतिर उपलब्ध साधनलाई तोकेको प्राथमिकता अनुरूप संतुलित रूपमा लगानी गर्नुका साथै गरेको लगानीको प्रतिफल पनि बढाउन सक्नु पर्दछ । यस प्रकारको नीति र कार्यक्रमबाट राष्ट्रमा उत्पादन बढ्ने, उत्पादनशील रोजगारी बढ्ने र जनताको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्ने पञ्चायती व्यवस्थाको आधारभूत जनपक्षीय लक्ष्यहरू हामीले प्राप्त गर्न सक्ने छौं ।

३.३ यी लक्ष्यहरू प्राप्त गर्न हाम्रो अर्थतन्त्रमा राष्ट्रभर रहेका किसान, मजदूर र उद्यमीहरूलाई बढी लगानी गरौं र उत्पादन बढाऔं भन्ने प्रेरणामूलक वातावरण खडा गर्न सक्नु पर्दछ । यसकी लागि एकातिर लगानीकर्ताको हैसियतले श्री ५ को सरकारले दक्षता र दृढताका साथ योजना कार्यान्वियन गर्ने क्षमता बढाएर लैजानु पर्दछ भने अर्कोतिर श्री ५ को सरकारले जनतालाई प्रविधि पुऱ्याउन, लगानी बढाउन र विकास सम्बन्धित सेवाहरू पुऱ्याउन खडा गरेका आर्थिक इकाईहरू सर्वसाधारण जनतामा नगइ नहुने परिस्थितिको सृजना गर्नु पर्ने छ । यस परिप्रेक्ष्यमा गैरसरकारी क्षेत्रमा सङ्कलित साधनको स्तर भविष्यमा बढाएर लैजानु पर्छ भने यसरी सङ्कलित साधनलाई सिमित संख्याका व्यक्तिको उपयोगमा मात्र नराखी सर्वसाधारण किसान र उद्यमीहरूको छेउ संख्यागत रूपमा पुऱ्याउन सक्नु पर्दछ ।

३.४ अध्यक्ष महोदय, देशमा मुख्य उत्पादनकर्ता श्री ५ को सरकार होइन, राष्ट्रभर छरिएर बसेका किसान, मजदूर र उद्यमीहरूनै हुन् । यिनीहरूमा उत्पादन बढाउने प्रेरणा र हौसला बढाउन सक्नु नै आर्थिक विकासको मूल फुट्नु हो । यी प्रेरणा र हौसला बढाउन उत्पादनकर्ताहरूले भोग्नु परेको पूंजीको अभाव, प्रविधिको अभाव, बजारको अभाव, संरक्षणको अभाव जस्ता बूंदाहरूमा श्री ५ को सरकारले ध्यान दिनु पर्दछ र यतातिरै नीतिहरू केन्द्रित रहनु पर्दछ । यी अभावहरूलाई हटाउन एकातिर नयाँ संस्थाहरूको र सरकारी स्तरमा पूंजीगत लगानीको आवश्यकता पर्दछ भने अर्कोतिर खडा भएका आर्थिक इकाईहरूलाई जनताको स्तरमा पुग्न र एकाधिकारको दुष्परिणामबाट बचाउन प्रतिस्पर्धात्मक वातावरणको आवश्यकता पर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.५ माथि उल्लेखित दृष्टिकोणको परिप्रेक्ष्यमा नै मैले आर्थिक वर्ष २०४१।४२ को बजेटमा प्रतिस्पर्धा, कार्यकुशलता, उत्कृष्टता र जनसहभागितालाई प्रोत्साहन गरी राष्ट्रमा बचत र लगानीको वृद्धिको साथै उत्पादकत्वमा वृद्धि हुने वातावरण सृजना गर्ने आवश्यकतामा जोड दिएको थिएँ। विगत एक वर्षमा यस नीति अनुरूप अपनाइएका कदमहरूबाट केही सुधार र उपलब्धिहरू देखा परेका छन्। भविष्यमा हाम्रा अनुभवहरूलाई केलाई यसमध्ये सकारात्मक उपलब्धिका प्रक्रियालाई अगाडि बढाउनु पर्छ भने अर्कोतिर हाम्रा कमजोरीबाट शिक्षा लिई यिनीहरूलाई दोहरिन नदिन हामी सचेत हुनु पर्नेछ।

३.६ नेपालको बैङ्किङ्ग क्षेत्रबाट बढी साधन बटुल्ने र यसलाई उत्पादनशील क्षेत्रमा बढीभन्दा बढी लगानी गराउन खोज्ने प्रयास विगतका वर्षहरूमा पनि नभएका होइन। तर एउटा गतिशील निजी क्षेत्रको स्थापना गर्न बैङ्किङ्ग क्षेत्रको सकारात्मक र सक्रिय भूमिका वाञ्छित मात्रामा विकसित हुन सकेको थिएन। एकातिर बैङ्कहरूसंग बढी तरलता हुने र अर्कोतिर लगानी गर्ने ठाउँको अभावले राष्ट्रमा साधनको अभाव र साधनको प्रचूरता एकैसाथ रहन सक्ने विडम्बना देखिएको थियो। बैङ्कहरूमा ग्राहक खोज्ने सक्रियताको सट्टा उपलब्ध ग्राहकले पनि दक्षताका साथ सेवा पाउन नसक्ने स्थितिबारे प्रचूर गुनासो थियो। विगत वर्षदेखि बैङ्किङ्ग क्षेत्रमा प्रतिस्पर्धाको दृष्टिकोण अपनाएपछि यो स्थितिमा निकै उत्साहजनक परिवर्तनका संकेतहरू देखा परेका छन्। यी संकेतहरूको विश्लेषण गरी हामी अगाडि बढ्न सक्यौं भने बैङ्किङ्ग क्षेत्रबाट राष्ट्रको कृषि, उद्योग र व्यापारको विकासमा ठूलो योगदान हुन सक्ने कुरामा म विश्वस्त छु।

३.७ चालू वर्ष कृषि विकास बैङ्कलाई शहरी क्षेत्रमा निक्षेप लिई ग्रामीण क्षेत्रमा बढी लगानी गर्ने नीति अन्तर्गत बैङ्किङ्ग कारोबार गर्न दिइएको थियो। यो नीति अन्तर्गत पाँच वर्षमा रू. ५० करोड उपलब्ध हुने विश्वास गरिएको थियो। यस अनुरूप काठमाडौंमा आधुनिक कम्प्युटरको प्रयोग सहित बैङ्किङ्ग अफिस खुल्यो र यो एउटा शाखाले मात्र रू. ५ करोडभन्दा बढी निक्षेप सङ्कलन गर्न सफल भएको छ। आउँदा वर्षहरूमा काठमाडौं लगायत अन्य विभिन्न ठाउँहरूमा कृषि विकास बैङ्कको शाखाहरू खुल्नेछ। यसको साथै कृषि विकास बैङ्कका ५६ शाखाहरूबाट विभिन्न मूल्य अङ्कित भएका बचतपत्र "सर्टिफिकेट अफ डिपोजिट" यही श्रावण १ गतेदेखि निस्काशन गरिनेछ। यसबाट निक्षेपकर्ताहरूले बैङ्कमा गई खाता खोल्न पर्ने आवश्यकता पर्ने छैन। यो कार्यक्रमबाट एकातिर जनतालाई सुविधा पुग्नेछ भने अर्कोतिर ग्रामीण क्षेत्रको बचत परिचालनको साथै देशमा मुद्रा बजारको विकासमा महत्वपूर्ण योगदान पुग्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.८ नेपाली र विदेशीको सहभागितामा नयाँ बैङ्कहरू खोल्ने नीतिको कार्यान्वयन शुरू भएको छ । अब चाँडैनै अरू दुई नेपाली बैङ्कहरू विदेशीको सहयोग र सहभागितामा स्थापना हुनेछन् । लगानीकर्ताहरूले यस नीतिको समर्थन गरेका छन् भन्ने कुरा सेक्युरिटी बजारमा यी नयाँ बैङ्कहरूको शेयरको व्यापक मागबाट समेत प्रष्ट भएको छ ।

३.९ नयाँ बैङ्कहरूको स्थापना र व्याज दर निर्धारण गर्न दिइएको स्वतन्त्रताको कारणले बैङ्किङ्ग क्षेत्रबाट बढी साधन परिचालन गर्ने काममा सफल भएको चिन्हहरू स्पष्ट देखिन थालेका छन् । विगत केही वर्षमा निक्षेपको वृद्धिमा सिथिलता आएको थियो भने निजी क्षेत्रले बैङ्कबाट कर्जा लिएर गर्ने लगानीमा पनि सिथिलता देखिएको थियो । २०४१।४२ को आर्थिक वर्षमा यो प्रवृत्तिमा सकारात्मक परिवर्तन आएको छ । बैङ्कहरूले आफ्नै अग्रसरितामा निक्षेपको व्याजदरमा वृद्धि गरेका छन् र निक्षेप सङ्कलन गत वर्षको दाँजोमा १४.१ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै निजी क्षेत्रलाई जाने कर्जा पनि गत वर्षको दाँजोमा ८५ प्रतिशतले विस्तार भएको छ । निजी क्षेत्रलाई गएको कर्जामध्ये पनि औद्योगिक क्षेत्रलाई गएको कर्जामा उत्साहजनक वृद्धि देखिएको छ । यसबाट निजी क्षेत्रमा देखिएको सिथिलता हट्दै जान थालेको स्पष्ट देखिएको छ भने अर्कोतिर बैङ्क-हरूमा नयाँ साधन बटुल्ने र यसको सदुपयोग गर्ने सक्रिय हुने तत्परताको विकास भएर जान थालेको पनि स्पष्ट छ ।

३.१० आर्थिक वर्ष २०४२।४३ मा पनि बैङ्किङ्ग क्षेत्रलाई विस्तार गर्ने, बढी प्रतिस्पर्धात्मक र दक्ष बनाउने, बढी साधन बटुल्ने र यसको सदुपयोग गर्ने नीतिलाई अगाडि बढाइनेछ । यसक्रममा मुख्यतः निम्नलिखित कदमहरू लिइने छन् ।

(क) चालू राष्ट्रिय पञ्चायत अधिवेशनमा फाइनेन्स कम्पनी विधेयक पेश गरिनेछ । यस विधेयकले विभिन्न किसिमका फाइनेन्स कम्पनीहरू र घर धितो राखी कर्जा दिने व्यवस्था गर्नेछ । यसबाट उद्यमी र लगानीकर्ताहरूलाई साधनको नयाँ स्रोत उपलब्ध हुनेछ ।

(ख) कर्मचारी सञ्चयकोषको लगानीको क्षेत्र बढी व्यापक गराउन कर्मचारी सञ्चयकोष ऐनमा परिवर्तन गरिनेछ ।

(ग) निजी क्षेत्रका उद्योगी व्यापारीहरूले पनि पेन्सनकोष खोल्न सक्ने व्यवस्था गरिनेछ ।

(घ) देशको ग्रामीण क्षेत्रको कर्जाको मागको थोरै अंश मात्रै वित्तीय संस्थानहरूले पुर्‍याउन सकेको छ । तर ग्रामीण क्षेत्रमा बैङ्कहरूलाई सफलताका साथ कसरी सक्रिय गराउन सकिन्छ भन्ने ज्ञान हामीलाई इलाम र अन्य जिल्लामा सञ्चालन गरिएको सघन बैङ्किङ्ग कार्यक्रमबाट उपलब्ध छ । यो हाम्रो सकारात्मक उपलब्धि र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुभवलाई व्यापकरूपमा लैजान हरेक विकास क्षेत्रमा ग्रामीण विकास बैङ्क त्यस क्षेत्रका किसान जनता र सरकारको संयुक्त सहभागितामा स्थापना गरिनेछ। यसरी स्थापना गरिने बैङ्कहरूको कार्यपद्धति र आधारबारे विस्तृत दृष्टिकोण माननीय सदस्यहरूलाई आजै उपलब्ध गराएको छु। यी बैङ्कहरूको स्थापनाबाट ग्रामीण अर्थ-तन्त्रमा रहेको साधनको कमी हटाउन महत्वपूर्ण योगदान हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

(ङ) श्री ५ को सरकारले व्याजदरमा लचकताको नीति २०४१।४२ देखि अपनाएको छ। यही नीतिद्वारा बैङ्किङ्ग साधन बढी मात्रामा ग्रामीण क्षेत्रतिर प्रवाहित गर्नुको साथै निजी उद्यमी र किसानहरूलाई बढी लगानी गर्न उत्साहित पार्न प्रयोग गरिनेछ। यही दृष्टिकोण निजी वन र फलफूल खेतीको लगानीमा लागू गरिनेछ।

३.११ अध्यक्ष महोदय, हाल फलफूल खेतीमा व्याजदर १० प्रतिशत किसानले तिर्नु पर्दछ। यस व्याजदरबाट एकातिर बैङ्कहरू लगानी गर्न नोक्सानी भयो भनी गुनासो गर्दछन् भने अर्कोतिर फलफूल खेती गर्ने किसान यो व्याजदर बढी भयो भन्दछन्। अतः बैङ्कहरूले पनि वाञ्छित मात्रामा लगानी यस क्षेत्रमा गर्न गाह्रो मानेका छन् भने किसान-हरू पनि ऋण लिन उत्साहित देखिएका छैनन्। यस परिप्रेक्ष्यमा निजी वन, स-मिलहरूले स्थापना गर्ने वन र फलफूल खेतीको लागि गरिएको लगानी राम्रोसंग भइरहेको प्रमाणित भएमा त्यसको लगानीमा लागेको व्याजको पचास प्रतिशत श्री ५ को सरकारले अनुदान सहायता स्वरूप फिर्ता दिने व्यवस्था गरिनेछ। यसअनुसार जुन लगानीकर्ताले आफूले लिएको ऋणको सदुपयोग गर्दछ उनीहरूले ५० प्रतिशत व्याज रकम ३ वर्षपछि फिर्ता पाउनेछन्। सदुपयोग नगर्नेले व्याज साविककै दरमा तिर्न पर्नेछ। यस नीतिबाट राम्रो काम गर्नेलाई कम व्याज र नराम्रो काम गर्नेलाई बढी व्याज पर्नेछ।

३.१२ बैङ्कहरूको लगानी यस क्षेत्रमा बढाउनु पनि आजको परिप्रेक्ष्यमा अतिनै आवश्यक छ। यसको लागि बैङ्कहरूले यी दुई क्षेत्रमा लगानी बढाउन प्रोत्साहन दिने उद्देश्यले वर्तमान स्तरबाट लगानी बढाए जतिमा हालको व्याजदरमा थप दुई प्रतिशत बैङ्कहरूलाई अनुदान उपलब्ध गराइनेछ। यसरी यस नीतिबाट बैङ्कहरूलाई यी क्षेत्रमा बढी लगानी गर्न प्रोत्साहन हुनेछ भने लागेको ऋणको सदुपयोग गर्ने किसानको लागि तिर्न पर्ने व्याज आधा कम हुनेछ। यसबाट श्री ५ को सरकारलाई केही व्ययभार बढ्न भएपनि देशको फलफूल र निजी वनको क्षेत्रमा लगानी बढ्न गई उत्पादन वृद्धि हुने मात्र नभई भू-संरक्षणलाई पनि बल मिल्न जानेछ भन्ने मैले विश्वास लिएको छु।

३.१३ अध्यक्ष महोदय, वैकल्पिक उर्जा स्रोत र प्राङ्गारिक मलको दृष्टिकोणबाट समेत गोबर ग्यास प्लान्ट हाम्रो देशको ग्रामीण क्षेत्रमा विकसित गराउनु अत्यावश्यक छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस परिप्रेक्ष्यमा गोबर ग्यासको लगानीमा जति ऋण प्रवाह हुनु पर्ने हो त्यति नभएको देखिन्छ। यस क्षेत्रमा बढी ऋण प्रवाहित भएमा अन्तर्राष्ट्रिय सहयोग वा ऋण पनि जुटाउन सकिने संभावना छ। अतः अबदेखि गोबर ग्यास प्लान्टको ऋण सदुपयोग भएको प्रमाणित भएमा लाग्ने व्याजको आधा श्री ५ को सरकारले लगानीकर्तालाई बैङ्कमार्फत अनुदान स्वरूप दिनेछ। यसबाट किसानले गोबर ग्यासको लागि ऋण लिंदा हाल तिर्न पर्ने व्याजको आधामात्र तिरे पुग्नेछ। यसबाट गोबर ग्यासमा लगानी बढ्ने र देशमा वैकल्पिक उर्जाको स्रोतको विकास चाँडो भएर जानसक्ने मैले विश्वास लिएको छु।

३.१४ सघन बैङ्किङ्ग कार्यक्रम अन्तर्गत पूर्वाञ्चल क्षेत्रमा साना तथा घरेलु उद्योगीहरूको संख्या निकै वृद्धि भएर गएको छ। यी उद्यमीहरूको मुख्य समस्या कच्चा पदार्थ र अब बजार पनि देखिन थालेको छ। यी समस्याहरूको ठोस रूपमा समाधान गर्न परीक्षणको रूपमा साना तथा घरेलु उद्योगीहरूकै स्वामित्वमा व्यापारिक कम्पनी खडा गरिनेछ। यो कम्पनीलाई साना उद्यमी सदस्यहरूको लागि कच्चा पदार्थ आयात गर्ने र बजार व्यवस्था गर्ने जिम्मेवारी दिइनेछ।

३.१५ अध्यक्ष महोदय, सेक्युरिटी खरीद विक्री संस्थानले शेयर बजार खडा गर्न र शेयरको सूचीकरण गर्ने काममा यस वर्ष केही प्रगति गरेको छ। हाल सेक्युरिटी खरीद विक्री केन्द्रमा ११ कम्पनीका शेयरहरूको सूचीकरण भएको छ र भविष्यमा यसको संख्या बढेर जाने स्पष्ट छ। आउँदो वर्षमा यो गतिलाई अझ अगाडि बढाइनेछ र शेयरको सूचीकरण गर्ने कम्पनीहरूलाई बढी सुविधा र प्रोत्साहन दिइनेछ। यसबाट राष्ट्रमा पूंजीको सङ्कलन र उपयोगको जग अझ बलियो भएर जानेछ।

३.१६ हालसम्म नेपालको बैङ्कहरूले विदेशी मुद्रामा निक्षेप स्वीकार गर्दैनन्। यसबाट नेपालीहरूले अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूमा सेवा गरेर बचाएको रकम पनि देश-भित्र नआउने देखिएको छ। यसरी आजको विश्वमा हाम्रो बैङ्किङ्ग व्यवस्थालाई संकुचित पार्नु राष्ट्रहितको अनुकूल छैन। अतः आगामी आर्थिक वर्षको शुरूदेखि अन्तर्राष्ट्रिय सङ्घ संस्था र यस्तै मान्यता प्राप्त ठाउँमा सेवा गरेर कमाएको विदेशी मुद्रा (अमेरिकी डलर र स्टर्लिङ्ग पाउण्ड) नेपालस्थित बैङ्कहरूमा विभिन्न समयावधिको निक्षेपको रूपमा राख्न छुट दिइनेछ। विदेशमा व्यवसाय गरेर कमाई गरी ल्याउने विदेशी मुद्रालाई निक्षेपमा राख्ने सम्बन्धमा भने राष्ट्र बैङ्कको स्वीकृति लिनु पर्नेछ। यस्तो निक्षेपमा व्याज पनि विदेशी मुद्रामा नै दिइनेछ। कुनै नेपालीले उक्त विदेशी मुद्राको उपयोग गर्न चाहेमा ३० प्रतिशत राष्ट्र बैङ्कलाई आधिकारिक दरमा बेच्नु पर्नेछ र बाँकी ७० प्रतिशत भने स्वेच्छानुसार आयात या भ्रमणमा अथवा अरूलाई हस्तान्तरण गर्न पाउने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 132

छ। यस कदमबाट विदेशी मुद्राको कालो बजारमा नियन्त्रण हुनुको साथै विदेशमा काम गर्ने नेपालीलाई देशभित्रै पैसा राख्न प्रेरणा मिल्नेछ।

३.१७ विदेशीहरूलाई पनि अमेरिकी डलर अथवा पाउण्ड स्टर्लिङ्गमा नेपाली बैङ्कहरूमा खाता खोल्न छुट दिइनेछ। व्याज पनि विदेशी मुद्रामा दिइनेछ। यस परिप्रेक्ष्यमा बैङ्किङ्ग गोपनियताको कानूनी व्यवस्था गर्न राष्ट्रिय पञ्चायतमा विधेयक पेश गरिनेछ।

३.१८ मैले उल्लेख गरेका यी कदमहरूले विदेशी मुद्राको कालो बजार नियन्त्रण हुने, नेपालीहरूलाई आफूले कमाएको रकम नेपालभित्रै ल्याउन प्रेरणा हुने र विस्तारै नेपाल वित्तीय केन्द्रको रूपमा विकसित भएर जाने आधार खडा हुने विश्वास लिएको छु। बैङ्कहरूलाई राष्ट्र विकासको लागि साधनको सङ्कलन र उपयोगमा सक्रिय गराउने क्रममा यो काम महत्वपूर्ण हुन जानेछ भन्ने कुरामा म विश्वस्त छु।

३.१९ अध्यक्ष महोदय, श्री ५ को सरकारले भन्दा बढी थप साधनको परिचालन नेपालमा बैङ्कहरूले गर्दछन्। यस परिप्रेक्ष्यमा हाम्रो राष्ट्रिय आवश्यकता र वास्तविकतालाई दृष्टिगत गर्दै बैङ्किङ्ग क्षेत्रको व्यापक विस्तारबाट निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको लक्ष्य अनुरूप विकासको गतिलाई अगाडि बढाउन महत्वपूर्ण योगदान हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

३.२० श्री ५ को सरकारको स्वामित्व भएका संस्थानहरूको कार्यकुशलता वृद्धि गर्ने र कार्यकुशलताको आधारमा प्रोत्साहन गर्ने र संस्थानको स्वामित्वमा बढी जनसहभागिता गराउँदै लैजाने कुरा मैले २०४१।४२ को बजेट वक्तव्यमा उल्लेख गरेको थिएं। यो नीति अनुरूप श्री ५ को सरकारले केही संस्थानहरूको शेयर सर्वसाधारण जनतामा सेक्युरिटी खरीद बिक्री केन्द्रमार्फत बिक्री गरेको छ र २०४२।४३ मा १२ वटा संस्थानहरूको शेयर जनसाधारणलाई उपलब्ध गराइनेछ। यसबाट देशको नयाँ सम्पत्तिको संरचनामा जनताको सहभागिता बढ्नुको साथै संस्थानहरू बढी सक्षम हुने र यिनीहरूमा आर्थिक उत्तरदायित्व बलियो भएर जाने मैले विश्वास लिएको छु।

३.२१ संस्थानहरूको कार्यक्षमतामा वृद्धिगर्ने अठोटको रूपमा श्री ५ को सरकारले संस्थान प्रबन्ध र मूल्याङ्कनबारे नयाँ नीति व्यापक छलफल र विचारपछि लागू गरिसकेको छ। यो नीति अन्तर्गत संस्थानहरूलाई प्रतिस्पर्धात्मक, एकाधिकार प्राप्त र अनुदान प्राप्त भनी तीन किसिममा वर्गीकरण गरिएको छ र प्रतिस्पर्धात्मक तहमा परेका संस्थानहरूलाई मूल्य, लगानी तथा आन्तरिक प्रबन्ध सम्बन्धमा व्यापक अधिकार र स्वतन्त्रता दिइएको छ। यसको साथै संस्थानहरूको लक्ष्य तोक्ने विधि र लक्ष्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसार सफल काम गरेमा प्रोत्साहन र नगरेमा लिइने कदमहरूबारे पनि स्पष्ट दृष्टिकोण राखिएको छ। यी कदमहरूबाट संस्थानहरूको कार्यक्षमता, व्यापारिक सफलता र जनताको सेवा गर्ने क्षमतामा वृद्धि हुनेछ। कार्यकुशलता बढाउने र उत्कृष्टता हासिल गर्न प्रोत्साहन दिन संस्थानसम्बन्धी नीतिहरू महत्वपूर्ण सावित हुनेछन् भन्ने कुरामा म विश्वस्त छु।

३.२२ श्री ५ को सरकारको स्वामित्व भएका संस्थानको अतिरिक्त अधिराज्यको विभिन्न भागमा श्री ५ को सरकारद्वारा संचालित कृषि अनुसन्धान फार्म र व्यापारिक प्रयोजनको लागि उत्पादन गर्ने कृषि फार्महरू छन्। यस्ता उत्पादन गर्ने फार्ममा श्री ५ को सरकारको लगानी बढेर गएपनि यिनीहरूबाट उत्पादनमा हुनुपर्ने योगदान वान्छित मात्रामा हुन सकेको छैन र आफ्नो आयबाट अधिकांश फार्महरू आफ्नो साधारण खर्च पनि व्यहोर्न सक्दैनन्। यस परिप्रेक्ष्यमा अनुसन्धानभन्दा व्यापारिक उत्पादनमा बढी लागेका कृषि फार्महरू, निजी क्षेत्रलाई निश्चित शर्तमा केही वर्षको लागि लिजमा दिने र यस बापत श्री ५ को सरकारले रोयल्टी लिने व्यवस्था समेत गरिनेछ। यसबाट एकातिर श्री ५ को सरकारलाई यस्ता फार्महरूको खर्च प्रत्यक्ष्य कम हुन जानेछ र राजस्व बढ्ने छ भने अर्कोतर्फ फार्मको उत्पादन पनि बढ्ने आशा गर्न सकिन्छ। यसरी श्री ५ को सरकारले आफूसँग भएको सीमित रकम बढी कृषि अनुसन्धान र प्रसारमा खर्च गर्न सक्नेछ।

३.२३ अध्यक्ष महोदय, हाम्रो अपार जलसम्पदाको सदुपयोग गर्न श्री ५ को सरकार र जनताको संयुक्त सहभागिताबाट मात्र संभव छ। ठूला योजना संचालन गर्न श्री ५ को सरकारको लगानीको आवश्यकता छ भने साना खालका आयोजनाहरू निजी क्षेत्रको सक्रियतामा हुनसक्ने देखिएको छ। यही दृष्टिकोणले २०४१।४२ को बजेटमा प्रस्तुत भए अनुरूप १०० किलोवाटसम्म बिजुली उत्पादन गर्ने निजी लगानी-कर्ताहरूलाई श्री ५ को सरकारबाट छुट दिने व्यवस्था गरिएको थियो। यस नीति अनुरूप खाद्य प्रशोधन गर्ने आधुनिक पानी घट्टहरूबाट बिजुली पनि उत्पादन गर्न केही सक्रियता देखिन थालेको छ। आउँदो वर्षमा यो नीतिलाई अझ अगाडि बढाइनेछ। जसअनुसार आधुनिक पानी घट्टबाट बिजुली निकाल्न कुनै लगानीकर्ताले ऋण लगानी गरेमा बिजुलीको जेनेरेटर, गभर्नर र अन्य विद्युत उपकरणमा लाग्ने खर्चको ५० प्रतिशत श्री ५ को सरकारले अनुदान स्वरूप उक्त लगानीकर्तालाई उपलब्ध गराउनेछ। यसको लागि आवश्यक बजेटको व्यवस्था पनि गरिएको छ र कृषि विकास बैंकमा यस किसिमको लगानीको लागि चाहिने प्राविधिक क्षमताको समेत विकास गरिएको छ। यो नयाँ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नीतिबाट जनताको लगानी र श्री ५ को सरकारको सहयोगबाट स्थापना हुने पानी घट्टहरूको ग्रामीण विद्युतीकरण गर्नमा ठूलो भूमिका हुने कुरामा म विश्वस्त छु। यस किसिमको योजना २०४२।४३ सालमा अधिराज्यभरि बीस ओटा सञ्चालन हुने छन्।

३.२४ पहाडी क्षेत्रमा खाद्यान्न उत्पादन वृद्धि गर्न र किसानहरूलाई प्रोत्साहन मूल्य दिलाउन श्री ५ को सरकारले आकर्षक मूल्यमा पहाडी क्षेत्रमा नै खाद्य संस्थान मार्फत् खाद्यान्न खरीद गर्ने कार्यक्रम शुरू गर्ने अठोट गरेको थियो। यो कार्यक्रम अन्तर्गत सानो परिमाणमा भए पनि पहाडी क्षेत्रमैं खाद्यान्न खरीद कार्यक्रम शुरू भएको छ र यो प्रक्रियालाई यस वर्षमा अझ अगाडि बढाउने आवश्यकता छ। यस उद्देश्यको लागि पहाडी क्षेत्रमा खाद्यान्न खरीद कार्यक्रम लागू गरिनेछ। यस कार्यक्रम अन्तर्गत भाग लिने किसानहरूलाई मल, सिंचाइ र ऋणमा प्राथमिकता दिइनेछ। यसबाट किसानलाई उचित मूल्य प्राप्त हुनुको साथै ग्रामीण क्षेत्रमा उत्पादन बढाउन र ग्रामीण जीवनस्तर उठाउन ठोस प्रोत्साहनका आधारहरू तयार हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

३.२५ जलस्रोतको क्षेत्रमा राष्ट्रले निकै ठूलो लगानी गरेको छ र भविष्यमा पनि यो क्षेत्रमा लगानी बढेर जानेछ। भविष्यमा एकातिर उपलब्ध साधनको बढीभन्दा बढी लगानी गर्नु परेको छ भने अर्कोतिर यस क्षेत्रमा खडा गरिएका पूंजीगत सम्पत्तिको स्याहार सम्भार र उपयोगमा बढीभन्दा बढी जनसहभागिता जुटाएर लैजान सक्नु परेको छ। हाल कतिपय सानातिना सिंचाइ आयोजनामा पनि श्री ५ को सरकारले योजना निर्माण गरेपछि साधारण मर्मतको लागि पनि श्री ५ को सरकारमाथि नै व्ययभार थपिने परम्परा बस्न लागेको छ। यो परम्परा जन-सहभागिताको दृष्टिकोण एवं सीमित साधनको दृष्टिकोणबाट पनि सकारात्मक देखिंदैन। अतः आउँदो वर्षमा श्री ५ को सरकारले पहाड र तराईको दुई ठाउँमा निर्माण सम्पन्न भएका आयोजनाहरूको कानूनी स्वामित्व आयोजनाबाट लाभान्वित हुने उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नेछ। आयोजनाको स्वामित्व जनताको हुनेछ र यसको उपयोग र मर्मतको जिम्मा पनि उपभोक्ता समितिको हुनेछ। उपभोक्ता समितिलाई पानीपोतको स्तर निर्णय गरी उठाउने अधिकार पनि दिइनेछ र यस्तो ठाउँमा श्री ५ को सरकारले पानीपोत उठाउने छैन। उपभोक्ता समितिलाई आफ्नो जिम्मेवारी पूरा गर्न शुरू शुरूमा श्री ५ को सरकारले प्राविधिक सहयोग जुटाउनेछ। यस किसिमको व्यवस्था विकेन्द्रीकरणले राखेको लक्ष्य अनुकूल हुनुको साथै पूंजीगत सम्पत्तिको संरक्षण र उपयोगमा जनसहभागिता जुटाउने आधार समेत बन्नेछ भन्ने मैले विश्वास लिएको छु।

३.२६ जनसहभागिता जुटाउने नयाँ माध्यमहरू सिंचाइमा मात्र नभई वनक्षेत्रमा पनि अगाडि बढाइनेछ। अधिराज्यका विभिन्न जिल्लाहरूमा वनको संरक्षण जहाँ जनताको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहभागिता छ त्यहाँ सफल भएको देखिएको छ। यो सकारात्मक अनुभवको फाइदा लिन पञ्चायत वनको अवधारणा अन्तर्गत वडा वनको पनि व्यवस्था गरिनेछ। यो नयाँ कार्यक्रम अन्तर्गत वडाका जनताले वन लगाउन या संरक्षण गर्न चाहेमा वडा वन समिति खडा गर्न कानूनी व्यवस्था मिलाइनेछ र यस्तो समितिलाई कबुलियत गरी दीर्घकालीन अवधिको लागि जग्गा उपलब्ध गराउने र यस्तो समितिलाई बैंकबाट वनको लागि ऋण समेत उपलब्ध गराउने व्यवस्था गरिनेछ। यसरी लगाएको वनको स्वामित्व वडाका सबै जनताको हुने र वडा वन समितिमार्फत उपयोग गर्ने व्यवस्था गरिनेछ। यस प्रक्रियाबाट एक वडाका जनता मिलेर वन लगाउन चाहेमा त्यसलाई चाहिने कानूनी आधार र वित्तीय व्यवस्था उपलब्ध हुन सक्नेछ। वनको संरक्षण र प्रवर्द्धनमा जनसहभागितालाई वडा तहसम्म पुऱ्याउने र चाहिने साधन पनि जुटाउने क्रममा यो कदम महत्वपूर्ण हुनेछ भन्ने मैले विश्वास गरेको छु।

३.२७ मैले उल्लेख गरेका यी कदमहरूले साधनको संकलनमा वृद्धि हुनुको साथै अर्थतन्त्रमा उपलब्ध साधनको उपयोग गर्न क्षमता र दक्षतामा वृद्धि हुने र विकासको क्रममा शहरी र ग्रामीण दुवै क्षेत्रका सर्वसाधारण जनताको सहभागिता बढेर जाने विश्वास लिएको छु।

३.२८ यस वर्ष वैदेशिक व्यापार र विशेषत निकासी क्षेत्रमा उत्साहजनक वृद्धि देखिएको छ। आर्थिक वर्ष २०४१।४२ मा भारत र तेस्रो मुलुकमा निर्यात निकै बढेको छ। यो क्रमलाई आउँदो वर्षमा पनि कायम राख्न प्रयत्न गरिनेछ। यस सम्बन्धमा श्री ५ को सरकारले हाल निर्यातमा दिने गरेको अनुदानको व्यवस्थालाई २०४२।४३ को लागि पनि कायमै राखिनेछ।

३.२९ उद्योगको क्षेत्रमा २०३७ सालमा लागू गरिएको औद्योगिक नीति र यसलाई कार्यान्वयन गर्न बनेको औद्योगिक व्यवसाय ऐनबाट निकै सकारात्मक उपलब्धि भएका छन् भने यसका केही कमजोरी पनि प्रष्ट भएका छन्। मुख्यत: घरेलु उद्योगको नाममा सुविधाको दुरूपयोग गर्ने प्रवृत्ति र देशभित्र पाइने कच्चा पदार्थको सट्टा विदेशी कच्चा पदार्थमा आधारित उद्योगमा मात्र ध्यान जाने गरेको स्थिति देखिएको छ। यसमा सुधार गर्न औद्योगिक व्यवसाय ऐनमा आवश्यक संशोधन राष्ट्रिय पञ्चायतको यसै सदनमा प्रस्तुत गरिनेछ।

३.३० अध्यक्ष महोदय, कपडा नेपालमा निकै ठूलो परिमाणमा आयात हुने वस्तु हो। आयात प्रतिस्थापन दृष्टिबाट यस उद्योगको विकास नेपालको लागि महत्वपूर्ण रहेको स्पष्ट छ। यस परिप्रेक्ष्यमा श्री ५ को सरकारले आर्थिक वर्ष २०४२।४३ मा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टेक्सटाइल बोर्डको सिफारिशलाई समेत ध्यानमा राखी सिन्थेटिक सर्टिङ र सुटिङ उत्पादन गर्न हालसम्म देशमा स्थापना भएका उद्योग प्रतिष्ठानहरूले क्षमता अनुकूल उत्पादन गरेर सुपथ मूल्यमा देशको आवश्यकता पूर्ति गर्न प्रवृत्त गराउन उपयुक्त कदमहरू अपनाइने छन् । यी कदमहरूबाट आयात प्रतिस्थापन उद्योगको राष्ट्रमा द्रुतगतिले विकास हुन ठूलो सघाउ पुग्नेछ भन्ने मैले आशा गरेको छु ।

३.३१ नेपालको औद्योगिकरणलाई प्रोत्साहन दिने क्रममा उद्योगबाट हुने नाफा फेरि उद्योग विकासमै पुनः लगानी गर्ने वातावरण र अवसर सिर्जना गर्नु अत्यावश्यक छ । यसको लागि श्री ५ को सरकारले आर्थिक वर्ष २०४२।४३ देखि कुनै पनि उद्योगले जडित क्षमता वृद्धि हुने गरी विस्तार गरेमा थप नयाँ लागतको ५० प्रतिशत रकम त्यस्तो उद्योगले तिर्नुपर्ने आयकर निर्धारण गर्नु अघि त्यस्ता उद्योगको खुद आयबाट कट्टा गर्न पाउने व्यवस्था गरेको छु । यसबाट कमाएको नाफा उद्योग विस्तारमा लगानी गर्न नयाँ प्रेरणा हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

३.३२ अध्यक्ष महोदय, शिक्षाको क्षेत्रमा निजी क्षेत्रको सहभागिता र लगानी बढाउने श्री ५ को सरकारको दृष्टिकोण रहेको छ । यसै परिप्रेक्ष्यमा नीति नियम तर्जुमा गरिनेछ र त्यस अनुरूप स्तरीय आवाशीय विद्यालय र निजी क्याम्पसहरू खोल्न संगठित रूपमा निजी क्षेत्रले सक्रियता देखाएमा श्री ५ को सरकारले वित्तीय संस्थाहरूबाट ऋण दिलाउने तर्फ कारवाही गर्ने कुरा अवगत गराउन चाहन्छु । त्यस्तै स्वास्थ्यको क्षेत्रमा पनि संगठित रूपमा नर्सिङ्ग होम र यस्तै प्रतिस्थापन गर्ने खालका सेवा निजी क्षेत्रमा शुरू गरिएमा श्री ५ को सरकारले वित्तीय संस्थाहरूबाट ऋण सहयोग उपलब्ध गराउने कुरा अवगत गराउँदछु । यी दुवै क्षेत्रमा ठूलो मात्रामा धनराशी विदेशमा जान थालेको छ र यो प्रक्रिया बढेर गएको छ । यस परिप्रेक्ष्यमा यो नयाँ नीति आवश्यक भएको मैले महसूस गरेको छु ।

३.३३ अध्यक्ष महोदय, राजस्व संकलनको क्षेत्रमा सफलता पाउन संगठनात्मक सुधार र आधुनिकीकरणको आवश्यकता टड्कारो रूपमा देखिन्छ । हाम्रो अर्थतन्त्रको जटिलता पनि बढ्दैछ । यस परिप्रेक्ष्यमा दक्षताका साथ राजस्व संकलन बढाउन र चुहावट रोक्न संगठनात्मक सुधार, सामयिक तथ्याङ्कहरूको संकलन, प्रयोग र यसकोलागि तथ्याङ्कको प्रशोधन र यान्त्रिकरणका आवश्यकता बढेर गएको छ । यस परिप्रेक्ष्यमा राजस्व प्रशासन सुधारको प्रभावकारी योजना २०४२।४३ मा लागू गरिनेछ। श्री ५ को सरकारको राजस्व प्रशासनको धेरै अनुभवी र उच्च अधिकृतहरूको संलग्नताबाट बनाइएको यस योजना अन्तर्गत बिक्रीकर संकलन गर्न केही ठाउँमा छुट्टै कार्यालयहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
200

खोलिनेछ। भन्सार, बिक्रीकर र अन्तःशुल्क तीनै विभागहरूमा अनुसन्धान, मूल्याङ्कन र नियन्त्रणको लागि छुट्टै शाखाहरू खडा गरिने छन्। विभिन्न कार्यालयहरूको दरबन्दी, कर्मचारीहरूको स्तर र अधिकार क्षेत्र पनि बढाइनेछ। नयाँ दरबन्दीहरू सिर्जना गरिने छन्। यस क्रममा कर, अन्तःशुल्क र भन्सार विभागहरूमा कम्प्यूटरको प्रयोग शुरू गरिनेछ। काठमाडौं कर कार्यालयमा यही श्रावण महिनाभित्रै व्यापारिक करदाताहरूको काम कम्प्यूटरबाट शुरू गरिनेछ। मालपोत कार्यालयमा पनि देवनागरी कम्प्यूटर प्रयोग गरिनेछ र यसबाट रजिष्ट्रेशनको काम छिटो र सरल हुनेछ। यो क्रम अन्तःशुल्क र भन्सारमा पनि विस्तार गरिनेछ। साथै कर, अन्तःशुल्क र भन्सारबीच नियमित सूचनाको आदान प्रदान र समन्वयबाट हाल भइरहेका चुहावटका संभावनाहरूमा निकै नियन्त्रण गर्न सकिनेछ। यस प्रणालीलाई प्रभावकारी पार्न अन्तःशुल्क म्यानुयल तयार गरिएको छ र यही श्रावण महिनाबाट यो म्यानुयल लागू गरिनेछ।

३.३४ राजस्व प्रशासनको सुधारको अभिन्न अङ्गको रूपमा तालीमको विस्तृत व्यवस्था गरिनेछ। राजस्व संकलनसम्बन्धी काममा संलग्न कर्मचारीहरूलाई तालीम र नयाँ कर्मचारीलाई कामगर्नु अगाडि तालीम लिनु अनिवार्य हुने व्यवस्था गरिनेछ। यी सबै कदमहरूको लागि नयाँ लगानी गर्नुपर्ने हुन्छ तर यो नयाँ लगानीबाट राजस्व प्रशासनको दक्षता बढाउन, चुहावटका सम्भावनाहरूमा नियन्त्रण गर्न र राष्ट्रिय विकासको लागि बढी साधन बटुल्न महत्वपूर्ण योगदान हुनेछ भन्ने मैले आशा लिएको छु।

३.३५ श्री ५ को सरकारको बजेट कार्यान्वयनको स्तर निकै बढिसक्यो तर सूचना संकलन, प्रशोधनको परिपाटीमा निकै ठूलो कमजोरी अझै पनि छ। यो कमी हटाउन महालेखा नियन्त्रकको कार्यालय र अर्थ मन्त्रालय बजेट शाखामा समेत यान्त्रीकरण शुरू गरिनेछ। यसबाट आयोजनाबारे विभिन्न शीर्षक अन्तर्गत खर्च, वैदेशिक सहायताको उपयोगजस्ता आँकडाहरू समयमै उपलब्ध हुने र आवश्यक निर्णय समयमै लिन सजिलो पर्नेछ। यस क्रममा केही काम यसै वर्षबाट शुरू पनि भइसकेको छ।

३.३६ अध्यक्ष महोदय, श्री ५ को सरकारको बजेटमा निहित दृष्टिकोण मैले पेश गरें। हाम्रा अगाडिका समस्याहरू सजिला छन् भनेर म भन्न चाहन्न। भू-क्षयदेखि जनसंख्या वृद्धिसम्मका समस्याहरू हाम्रा सामुन्ने छन् भने उपलब्ध साधनको आर्थिक अनुशासनको परिधिभित्र रही समयमै परियोजनाहरू सक्ने चुनौती यथावत नै छ। त्यस्तै कार्यान्वयनमा शिथिलता र विभिन्न क्षेत्रमा देखापर्ने भ्रष्टाचारमा नियन्त्रण गर्न हामी विशेष सतर्क र कटिबद्ध हुनुपर्ने आवश्यकता छ। यी सबै समस्याको समाधान जनताप्रतिको विश्वास, हाम्रो व्यवस्थाको जनपक्षीय आदर्शप्रतिको कटिबद्धता र भविष्यप्रतिको सकारात्मक र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुशासित दृढताबाट संभव छ भन्ने कुरामा म विश्वस्त छु। राजसत्ताको छत्रछाँयामा जनताको सिर्जनात्मक प्रतिभा र उत्साहलाई मौलाउने वातावरण खडा गर्न सक्नु नै हाम्रो सफलताको आधार हो। यही वातावरण खडा गर्नु नै यस बजेटको लक्ष्य रहेको कुरा म यस सदनमा निवेदन गर्दछु।

## ४

अध्यक्ष महोदय,

४.१ अब म आर्थिक वर्ष २०४२।४३ को आय-व्यय पेश गर्दछु। मैले अघि उल्लेख गरे झैं आगामी वर्षदेखि हामी सातौं योजनामा प्रवेश गर्दैछौं। तसर्थ हाम्रो सम्पूर्ण प्रयास हामीले छैठौं योजनाको अवधिमा हासिल गरेका उपलब्धिहरूलाई कायमै राखी यस अवधिमा देखापरेको नयाँ चुनौतीहरूलाई सामना गरी अर्थतन्त्रको विकासमा गतिशीलता ल्याउनु परेको छ।

४.२ छैठौं योजनाको उद्देश्य र आधारभूत विकास नीतिहरूमा उल्लेख भएका कुराहरूलाई मूर्तरूप दिनमा प्रयास गर्नुपर्ने कुरामा सातौं योजनाले जोड दिएको छ। तसर्थ साधनको बाँडफाँड गर्दा विशेषरूपले यही कुराले निर्देशित भएको छु। यसको साथै स्थानीय विकास कार्यमा गतिशीलता ल्याउन पञ्चायत क्षेत्रलाई सक्रिय र जिम्मेवारीपूर्ण बनाई स्थानीय स्तरमै योजनाहरूको तर्जुमा र सञ्चालन गर्न गराउन विकेन्द्रीकरण ऐन अनुरूप जिल्लास्तरीय योजनाहरूको लागि रकमहरू छुटचाइएको छ। यसबाट निर्दलीय प्रजातान्त्रिक पंचायती व्यवस्थाको तल्लो तहदेखि नै प्रजातान्त्रिक अभ्यास र आफ्नो क्षेत्रको सर्वाङ्गीण विकासको लागि सोच्ने र जिम्मेवारी र जवाफदेही वहन गर्न सक्ने रूपले स्थानीय पञ्चायतहरूको संस्थागत विकास हुने भई स्थानीय नेतृत्व तथा साधनको अधिकतम परिचालन भई विकेन्द्रीकरणको उद्देश्य पूर्ति गर्न सहायक हुनेछ भन्ने विश्वास लिएको छु।

४.३ साधारणतर्फ रू. ४ अरब ३० लाख र विकासतर्फ रू. ७ अरब ४८ करोड ६४ लाख खर्च हुने प्रस्ताव गरेको छु।

४.४ साधारणतर्फको वृद्धिदर निश्चय पनि चिन्ताको विषय भएको छ। यसलाई यथासक्य नियन्त्रण गर्नुपर्ने आवश्यकता देखेकोले आगामी वर्षको लागि प्रायः सबैजसो कार्यालयहरूको खर्चमा चालू वर्षकै स्तरमा कायम राख्ने प्रयास गरेको छु। तथापि केही यस्ता खर्चहरू छन् जसलाई कटौती गर्न सकिन्न। यसप्रकारका खर्चहरू वृद्धि हुनाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

202

कारणहरू उल्लेख गर्न चाहन्छु । प्रथमतः आगामी वर्षको लागि हालसम्म प्राप्त गरेको आन्तरिक तथा बाह्य ऋणको साँवा र व्याज भुक्तानीको लागि मात्र पनि करीब रू. ३६ करोडको थप व्यवस्था गरिएको छ। दोस्रो, आगामी वर्ष आम चुनाव हुने भएकोले निर्वाचन आयोगको लागि करीब रू. ६ करोडको व्यवस्था गरिएको छ। तेस्रो, नयाँ तलब मानले गर्दा निवृत्तिभरण, उपदान तथा औषधि उपचारमा पनि बढी रकमको व्यवस्था गर्नुपर्ने भएकोले यसको लागि मात्र रू. ९ करोड छुटचाइएको छ । चौथो, माध्यमिक विद्यालयहरूलाई अनुदानमा रू. ६ करोड थप व्यवस्था गरिएको छ। पाँचौं, भन्सार, अन्तःशुल्क, कर, तथा मालपोतबाट उठेका रकमहरूमध्ये फिर्ता गरिदिनुपर्ने रकमहरू तथा भवन सुधार र खरीदको लागि भुक्तानी गर्न जम्मा रू. १० करोड रकमको व्यवस्था गरिएको छ ।

४.५ अब म साधारणतर्फ छुटचाइएको रकमहरूको बाँडफाँडबारे संक्षिप्तमा केही उल्लेख गर्न चाहन्छु । साधारण बजेटतर्फ छुटचाइएको कुल रू. ४ अरब ३० लाखमध्ये संवैधानिक अङ्गहरूमा रू. १३ करोड ८४ लाख, साधारण प्रशासनमा रू. ५६ करोड ६४ लाख, राजस्व प्रशासनमा रू. ८ करोड १७ लाख, आर्थिक प्रशासन र योजनामा रू. ३ करोड ८१ लाख, न्याय प्रशासनमा रू. ५ करोड ७७ लाख, वैदेशिक सेवामा रू. ७ करोड ६० लाख, रक्षामा रू. ६६ करोड ८ लाख, सामाजिक सेवामा रू. ५६ करोड ५ लाख, आर्थिक सेवामा रू. २८ करोड, ऋण तथा लगानी र साँवा व्याजमा रू. १ अरब ४ करोड ५४ लाख र विविधमा रू. ४९ करोड ८० लाख छुटचाइएको छ ।

४.६ विकासतर्फ खर्च छुटचाउँदा सीमित साधनको परिप्रेक्ष्यमा प्राथमिकता प्राप्त आयोजनाहरूलाई आवश्यक रकम पुरयाउनमा नै जोड दिइएको छ । त्यस्तै आगामी वर्षमा नै पुरा हुने आयोजनाहरूमा भने आयोजनाको लक्ष्य चाँडो प्राप्त गर्ने उद्देश्यले आवश्यक रकमको व्यवस्था गरिएको छ । जिल्लास्तरीय आयोजनाहरूको हकमा हालसम्म केन्द्रबाट नै सञ्चालन भैरहेका जिल्लास्तरीय आयोजनाहरू विकेन्द्रीकरण ऐन नियम अनुसार जिल्ला पञ्चायतको रेखदेखमा जिल्लास्तरीय कार्यालयहरूले सञ्चालन गर्ने गरी रकमहरू व्यवस्था गर्नुको साथै पञ्चायत शीर्षक अन्तर्गत पञ्चायतलाई दिइने अनुदानमा गत वर्षको दाँजोमा करीव रू. २ करोडले वृद्धि गर्नुको साथै अन्य शीर्षकमा विकेन्द्रीकरण अनुरूप सञ्चालन हुने जिल्लास्तरीय आयोजनाहरूको सर्भेक्षण तथा कार्यान्वयनको लागि रू. ७ करोड ५० लाख छुटचाइएको छ । यी रकमहरूको खर्च विकेन्द्रीकरण अनुसार जिल्ला पञ्चायतमार्फत् नै हुनेछ र सम्बन्धित जिल्ला पञ्चायतबाट जिल्ला सभाले उक्त आयोजनाहरू स्वीकृत गरेको प्रमाण पेश भएको आधारमा जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट निकासा हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.७ विकास बजेटको कुल खर्चमध्ये आर्थिक सेवामा रू. ५ अरब ७ करोड १४ लाख, सामाजिक सेवामा रू. २ अरब १९ करोड ४० लाख र साधारण प्रशासन, आर्थिक प्रशासन तथा योजना र विविधमा रू. २२ करोड १० लाख छुट्याइएको छ। आर्थिक सेवामा छुट्याइएको रकममध्ये कृषि, भूमिसुधार, नापी र सिंचाइमा रू. १ अरब ७९ करोड ६४ लाख, वन तथा भू-संरक्षणमा रू. ४१ करोड ८६ लाख, यातायातमा रू. ८७ करोड ६० लाख, विद्युत्मा रू. १ अरब ३६ करोड ८ लाख, उद्योग र खानीमा रू. ४५ करोड १८ लाख, सञ्चारमा रू. ६ करोड १४ लाख अन्य आर्थिक सेवामा रू. ७ करोड ४ लाख छुट्याइएको छ। सामाजिक सेवाहरूतर्फ शिक्षामा रू. १ अरब ६० लाख, स्वास्थ्यमा रू. ४० करोड ३४ लाख, पिउने पानीमा रू. २६ करोड २ लाख, पञ्चायत तथा स्थानीय विकासमा रू. ४४ करोड ७३ लाख र अन्य सामाजिक सेवामा रू. ७ करोड ४१ लाख छुट्याइएको छ।

५.८ चालू आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्षमा पनि फलफूल विकास र पशु विकाससम्बन्धी कार्यक्रमको लागि प्राथमिकता प्राप्त आयोजनाको रूपमा सञ्चालन गर्ने व्यवस्था कायमै राखिएको छ। यी कार्यक्रमहरू अनुरूप देशको बढ्दो जनसंख्याको माग पूरा गर्न केही समयपछि फलफूल, मासु, दूध उत्पादनमा वृद्धि हुने विश्वास छ। यसबाहेक किसानहरूलाई यस क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले तथा बैंकहरूलाई पनि यस क्षेत्रमा लगानी गर्न प्रोत्साहन दिन बैंकहरूले यस क्षेत्रमा लगानी गरेमा ब्याज अनुदानको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ। यस बाहेक कृषकको खेत बारीमा उब्जाउ वृद्धि गर्ने कार्यक्रम चालू आर्थिक वर्षमा ३५००० हेक्टरमा सञ्चालन भैरहेकोमा आगामी वर्ष ७१००० हेक्टरमा सञ्चालन गरिनेछ। यी कार्यक्रम सञ्चालन गरिएका स्थानहरूमा उत्पादन करीब दोब्बर वृद्धि भएको अनुमान छ। कृषिको सम्पूर्ण क्षेत्रहरूमध्ये कृषि प्रसार अनुसन्धानको लागि रू. २३ करोड ५५ लाख, बाली विकास तथा संरक्षणको लागि रू. ३ करोड १० लाख, बागवानी विकासको लागि रू. २ करोड १६ लाख, मत्स्य विकासतर्फ रू. ३ करोड ५३ लाख र पशु विकास कार्यक्रमतर्फ रू. १० करोड ६८ लाख रकम छुट्याइएको छ।

५.९ पहाडी क्षेत्रमा यत्रतत्र छरिएर रहेका टार र बेंशीहरूमा परम्परागत सिंचाइ व्यवस्थाको विकास गरी उपलब्ध नयाँ प्रविधिको माध्यमबाट खाद्यान्न उत्पादनमा वृद्धि गर्न सकिने संभाव्य देखिएका छन्। यस्ता टार तथा बेंशीहरूलाई पहाडी क्षेत्रको खाद्यान्न उत्पादन केन्द्रको रूपमा विकसित गर्न सकिएमा स्थानीय कृषकहरूको आयस्तरमा सुधार हुनुको साथै खाद्यान्न उत्पादनबाट आसपासका खाद्यान्न न्यून पहाडी क्षेत्रहरूको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खाद्यान्न आपूर्तिमा सघाउ पुग्ने र तराईबाट पहाडमा खाद्यान्न लैजाँदा हुने गरेको ढुवानी खर्चमा समेत ठूलो मात्रामा बचत हुन जानेछ। यिनै तथ्यहरूलाई दृष्टिगत गरी यस्ता क्षेत्रहरूमा उपलब्ध प्रविधिको प्रयोगद्वारा उत्पादन क्षमतामा अभिवृद्धि ल्याउन पाँचै विकास क्षेत्रलाई समेटने गरी पाँच सम्भाव्य क्षेत्रमा परीक्षणको रूपमा निर्देशित उत्पादन कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रमअन्तर्गत सिंचाइ, मलखाद, बीउ, बालि संरक्षण सेवा, प्रविधि, ऋण आदि उत्पादन वृद्धिका निमित्त चाहिने अत्यावश्यक सामग्रीहरू प्याकेजको रूपमा कृषकहरूलाई सुलभ गराउनुको साथै बढी उत्पादन प्रक्रिया-लाई दीगो बनाउने दृष्टिकोणले कृषि पैदावस वस्तुहरूको प्रशोधन, संचय तथा बेचबिखन जस्ता पूर्वाधारहरूको पूर्ण विकास गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ।

४.१० सिंचाइतर्फ वाग्मती, नारायणी, महाकाली र चन्द्रनहर नवीकरण तथा विस्तारको लागि जम्मा रू. ३० करोड ३ लाख रकम छुट्याइएको छ। यसबाहेक अरू बृहद् सिंचाइ आयोजनाहरूको लागि अरू करीब रू. २२ करोडको व्यवस्था गरिएको छ। यी बाहेक ट्यूबवेल सिंचाइ कार्यक्रमको लागि रकम छुट्याइएको छ।

४.११ देशको प्राकृतिक सम्पदामध्ये वन विकास एक अत्यावश्यक कार्य भएको छ। वन विकासको लागि वृक्षारोपण मुख्य कार्यकलाप भएकोले चालू वर्ष १० हजार हेक्टर जमिनमा वृक्षारोपण गरिने कार्यक्रम भएकोमा आगामी वर्ष १८ हजार हेक्टर-भन्दा बढी जमिनमा वृक्षारोपण गरिने भएको छ। वन विकासको कार्यक्रम अन्तर्गत वृक्षारोपणको साथै वन्यजन्तु आरक्ष संरक्षण, भू तथा जलाधार संरक्षण, वातावरण अध्ययन आयोजना, जलाधार संरक्षण शिक्षाजस्ता कार्यक्रमहरू पनि समावेश छन्। वन विकासमा स्थानीय पञ्चायत तथा निजी क्षेत्रको भूमिकाको पनि ठूलो महत्व भएकोले यसको लागि पनि केही रकमको व्यवस्था गरिएको छ।

४.१२ उद्योग तथा खानीतर्फ हेटौंडा सिमेण्ट उद्योगले चालू वर्ष परीक्षण उत्पादन शुरू गरिरहेछ र आगामी वर्षदेखि नै व्यवसायिक उत्पादन शुरू गर्नेछ। यसबाट उल्लेखनीय रूपले आयातको प्रतिस्थापना हुने आशा राखिएको छ। त्यस्तै आगामी वर्षको पौष-माघमा भृकुटी कागज कारखानाको निर्माण पनि पूरा भै व्यवसायिक उत्पादन कार्य शुरू गर्ने भएको छ। देशको कुल आयातमा कपडाको आयातको अंश पनि उल्लेखनीय छ र हामीले कपडा उद्योगलाई सर्वाधिक प्राथमिकता दिएका छौं। तसर्थ यसको लागि कपास खेती विकास र प्रसार गर्नुपर्ने आवश्यकता भएकोले मध्य-पश्चिमाञ्चलको बाँके, बर्दिया र दाङमा कपास खेती २ हजार हेक्टर भूमिबाट १० हजार हेक्टर ५ वर्षभित्रैमा पुर्‍याउन आवश्यक रकमहरू छुट्याइएको छ। सुती कपडा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्पादनको लागि कच्चा पदार्थ आपूर्तिमा आत्मनिर्भर हुने दिशातर्फको यो एक महत्त्वपूर्ण आयोजना हुनेछ। यी मैले उल्लेख गरेका उद्योगहरू र आयोजनाहरू सञ्चालन भएपछि देशमा आयात प्रतिस्थापन भई विदेशी मुद्राको खर्चमा ठूलो बचत हुनेछ। त्यस्तै निर्यात प्रवर्द्धन गर्ने उद्योगहरूतर्फ पनि नेपाल ओरिण्ड म्याग्नासाइटको कारखानाको निर्माण कार्य आगामी वर्षमा सम्पन्न भै व्यापारिक उत्पादन कार्य शुरू हुने भएको छ। यसको सम्पूर्ण उत्पादन निर्यात हुने भएकोले यो पनि विदेशी मुद्रा आर्जनको एक प्रमुख स्रोत हुनेछ। त्यस्तै जिंक र शिशा उद्योगको निर्माण कार्यमा पनि तीव्रता ल्याउन आवश्यक रकमको व्यवस्था गरिएको छ। आगामी वर्ष पेट्रोलियम अन्वेषण आयोजनाको अन्तिम वर्ष हो र हालसम्मको अन्वेषण कार्यबाट प्राप्त नतीजा उत्साह वर्द्धक देखिएको छ। यसप्रकार ठूला उद्योगहरूलाई रू. ३० करोड ८१ लाख रकम, खानीमा पेट्रोलियम अन्वेषणको लागि रू. ६२ लाख र घरेलु उद्योगहरूको लागि रू. ५ करोड ७३ लाख रकम छुट्याइएको छ।

४.१३ विद्युत्तर्फ राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूमध्ये हेटौंडा–जनकपुर–विराटनगर र दुम्कीवास–बुटवल १३२ के.भी. को प्रसारण लाईन निर्माण आयोजना आगामी वर्षमा पूरा भै त्यस क्षेत्रमा विद्युत् आपूर्ति गरिनेछ। मर्स्याङ्दी जल विद्युत् आयोजनाको कार्य शुरू हुने भएको छ। साथै जल विद्युत् आयोजनातर्फ सल्लेरी च्यालसा सानो जलविद्युत् आयोजना निर्माण पूरा गरी विद्युत् उत्पादन शुरू गरिनेछ। विद्युतीकरण आयोजनाअन्तर्गत कुलेखानी र सुनकोशी क्षेत्रमा विद्युत् प्रसारण गरिने भएको छ। साथै वैदेशिक सहायताअन्तर्गत पोखरा र नुवाकोटमा विद्युतीकरण कार्यक्रम सञ्चालन गरिने भएको छ। ठूला जल विद्युत् आयोजनाहरूको लागि रू. ७६ करोड ७८ लाख, प्रसारण लाइन निर्माणको लागि रू. १३ करोड ४६ लाख र विद्युतीकरण तथा प्रणाली सुदृढीकरणको लागि रू. ११ करोड १५ लाख छुट्याइएको छ।

४.१४ यातायाततर्फ महेन्द्र राजमार्ग कोहलपुरदेखि महाकाली खण्ड, बुटवल-कोहलपूर, इलाम–फिदिम, फिदिम-ताप्लेजुङ, डडेलधुरा–बैतडी–दार्चुला, महेन्द्र राजमार्ग–सुर्खेत, डडेलधुरा–दिपायल जस्ता राष्ट्रिय दृष्टिले प्राथमिकता प्राप्त सडकहरूको निर्माणमा रू. २२ करोड ७२ लाख छुट्याइएको छ। देशको विभिन्न स्थानहरूमा झोलुङ्गे पुलहरूको निर्माणको लागि रू. ३ करोड ७० लाख छुट्याइएको छ। हवाईतर्फ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग सुदृढीकरण गर्ने कार्य आगामी वर्ष सम्पन्न हुनुको साथै विमान टर्मीनल भवन निर्माण कार्य पनि शुरू गरिनेछ। पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चलको हवाई यातायातको लागि प्रमुख स्थलमा विकास गर्ने उद्देश्यले सञ्चालन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको नेपालगञ्जको नयाँ विमानस्थल निर्माण पुन: शुरू गर्न आवश्यक व्यवस्था गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ ।

४.१५ शिक्षाअन्तर्गत उच्च शिक्षातर्फ मध्यम तथा उच्चस्तरीय कृषिसम्बन्धी प्राविधिक जनशक्तिको आवश्यकता पूर्ति गर्न कृषि तथा पशु विज्ञान अध्ययन संस्थान-अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन भईरहेको छ। तद्नुसार आगामी वर्षदेखि यो संस्थानले पशु विकासतर्फ पनि स्नातक स्तरको कार्यक्रम सञ्चालन गर्ने भएको छ। यसको लागि यी अध्ययन संस्थानमा भौतिक सुविधाको लागि एवं शैक्षिक उपकरण तथा सामग्रीहरूको रकमको व्यवस्था गरिएको छ । यसबाट यस क्षेत्रमा आवश्यक जनशक्ति देशमा नै उत्पादन हुन थाल्नेछ । यस्तै गरी चिकित्सा शास्त्र अध्ययन संस्थानअन्तर्गत नर्सिङ विषयमा प्रमाण-पत्र तह, स्नातक तहको कक्षा सञ्चालन गर्न लगाउन शैक्षिक भवन निर्माण गरिनेछ । साथै प्राथमिक शिक्षाको महत्वलाई ध्यानमा राखी यसको लागि मात्र पनि रू. ४४ करोड २४ लाख छुटचाइएको छ ।

४.१६ पिउने पानीतर्फ ग्रामीण जनतालाई स्वच्छ पानी उपलब्ध गराउने उद्देश्यले यी कार्यक्रमको लागि जम्मा रू. १७ करोड ३२ लाख छुटचाइएको छ । आगामी वर्षदेखि मध्य तथा सुदूर पश्चिमाञ्चल भेगका ग्रामीण क्षेत्रमा पनि खानेपानीसम्बन्धी आयोजनाहरू सञ्चालन गरिने भएको छ ।

४.१७ पञ्चायत तथा स्थानीय विकास कार्यक्रमअन्तर्गत ग्रामीण जनताको आर्थिक तथा सामाजिक अवस्थामा सुधार गरी उनीहरूको जीवनस्तर उठाउनुको साथै वातावरणीय अवस्थामा सुधार ल्याउन हाल देशमा सञ्चालन भइरहेका एकीकृत ग्रामीण विकास कार्यक्रमहरू अन्तर्गत कर्णाली–भेरी एकीकृत ग्रामीण विकास तथा रसुवा–नुवाकोट एकीकृत ग्रामीण विकास, धादिङ एकीकृत ग्रामीण विकास आदि कार्यक्रमहरूको दोस्रो चरण र सघन पहाडी विकास परियोजना कार्यक्रमको तेस्रो चरण सञ्चालनको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ । यसैगरी सुदूर पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत सेती अञ्चलको कैलाली, डोटी, बझाङ, बाजुरा र अछाम जिल्लामा पनि एकीकृत ग्रामीण विकास परियोजना सञ्चालन गर्न रकम छुटचाइएको छ ।

४.१८ स्वास्थ्यतर्फ परिवार नियोजन कार्यक्रमको लागि रू. ६ करोड १५ लाख, औलो उन्मूलनको लागि रू. ६ करोड ६ लाख र एकीकृत सामुदायिक स्वास्थ्य कार्यक्रमलाई रू. ५ करोड १४ लाख र विस्तारित खोप आयोजनाको लागि रू. २ करोड १८ लाखको व्यबस्था गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१९ बढ्दो सरकारी खर्चहरू पुऱ्याउन आन्तरिक साधनको बढी परिचालनको लागि कर प्रशासनलाई संस्थागत र व्यावसायिक ढङ्गले विकसित गरी राजस्व प्रशासनका विभिन्न अङ्गहरूलाई सक्षम र सुदृढ गर्ने कार्यमा जोड दिने व्यवस्था गरिएको छ। यसमा थोरै लगानीबाट नै हाल लागू भैरहेका करका स्रोतहरूबाट प्रशस्त राजस्व वृद्धि हुने सम्भावना देखिएको छ। यसै वर्षदेखि नै कर विभागमा सञ्चालित कम्प्युटरको प्रयोगबाट कर चुहावट हुने क्षेत्रहरू पत्ता लाग्न गई आयकरमा प्रशस्त वृद्धि हुने गुन्जायस देखिएको छ। त्यस्तै भन्सार, बिक्रीकर, अन्तःशुल्कमा पनि चुहावटको रोकथाम गर्न प्रभावकारी व्यवस्था गर्न योजना कार्यान्वियन गरिने बारे मैले अघि उल्लेख गरिसकें। त्यसको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ।

४.२० यसरी साधारण र विकास गरी रू. ११ अरब ४८ करोड ६३ लाख ६४ हजार खर्चमध्ये राजस्वको वर्तमान दर तथा प्रशासनिक सुधार गरी जम्मा रू. ५ अरब ४३ करोड ५३ लाख ६० हजार र वैदेशिक सहायता अनुदान तथा ऋण गरी जम्मा रू. ४ अरब ५४ करोड २१ लाख ४८ हजारबाट व्यहोर्ने भई रू. १ अरब ५१ करोड १८ लाख २६ हजार न्यून हुने हुन्छ।

## ५

अध्यक्ष महोदय,

५.१ अब म आर्थिक वर्ष २०४२।४३ को लागि राजस्वसम्बन्धी प्रस्तावहरू पेश गर्दछु।

५.२ मैले अघि उल्लेख गरे झैं साधारणतर्फ पूर्व निर्धारित खर्चहरू जुन प्रकारले वृद्धि भैरहेको छ त्यसभन्दा कम दरले राजस्व सङ्कलनमा वृद्धि हुने गरेकोले विकासको लागि वैदेशिक सहायतामाथिको निर्भरता बढ्नुको साथै हाम्रो लगानीको क्षमता पनि सीमित पारिदिएको छ। यस स्थितिमा हाम्रा सामु तीन विकल्पहरू छन्। पहिलो, विकास खर्च तथा लगानी घटाउनु; दोस्रो, न्यून वित्त परिचालन बढी मात्रामा गर्नु र तेस्रो, खर्चमा किफायत गर्नुको साथै आन्तरिक साधन बढी मात्रामा परिचालन गर्नु। पहिलो विकल्प अनुसरण गरेमा विकासको हाम्रो आकांक्षा कुण्ठित हुने मात्र नभई देशमा सामाजिक तथा आर्थिक गतिरोधका दुष्परिणामहरू भोग्न पर्ने संभावना हुन्छ। त्यस्तै, दोस्रो विकल्प अनुसरण गर्ने हो भने देशको शोधनान्तर स्थितिमा प्रतिकूल असर पर्न गई आर्थिक स्थायित्वमा नै आघात पुग्न जान्छ। यी दुई विकल्पहरू अनुसरण गर्न सजिला देखिन्छन्।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यिनीहरूबाट उत्पन्न हुने दुष्परिणामहरू गम्भीर र दूरगामी हुन्छन् । तसर्थ, कठिन भए-पनि मैले तेस्रो विकल्प नै अनुसरण गर्न प्रयास गरेको छु । यही नै देशको स्वस्थ आर्थिक व्यवस्थापनको लागि लिनु पर्ने कदम हो भन्ने मेरो विश्वास छ । यसै सन्दर्भमा राजस्व वृद्धि गर्न नयाँ करहरूतर्फ जोड लगाउनुभन्दा भैरहेका करका स्रोतहरूलाई दक्षतापूर्वक परिचालन गरेर नै हालको सामान्य राजस्व वृद्धि दरलाई बढाउन सकिने देखिन्छ । यसरी आगामी आर्थिक वर्षमा रू. ३७ करोड थप राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको छ । त्यस्तै, सरकारी स्वामित्व भएका संस्थानहरूको शेयर बिक्री तथा श्री ५ को सरकारले उपयोगमा नल्याएका सरकारी सम्पत्तिहरूको बिक्रीबाट रू. २० करोड प्राप्त हुने हिसाब मैले अघि पेश गरेको आय-व्यय विवरणमा समावेश गरेको छु ।

५.३ कर प्रस्तावहरू तर्जुमा गर्दा राजस्व सङ्कलन गर्ने उद्देश्य मात्र नराखी उत्पादकत्व, लगानी तथा बचतलाई प्रोत्साहन हुने वातावरण सिर्जना गर्ने कुरामा ध्यान दिएको छु । साथै, माननीय सदस्यहरूले समय समयमा व्यक्त गर्नुभएका भावनाहरू, केन्द्रीय टेरिफ बोर्डको सिफारिशहरू, उद्योग वाणिज्य सङ्घ तथा विभिन्न उद्योग व्यवसायमा संलग्न महानुभावहरू र अर्थविद्हरूसंग भेटघाटको अवसरमा प्राप्त सुझावहरूलाई मनन गरी कर परिवर्तनका प्रस्तावहरू तयार गरेको छु ।

अध्यक्ष महोदय,

५.४ अब म प्रत्यक्ष करसम्बन्धी प्रस्तावहरू पेश गर्दछु ।

५.५ आर्थिक वर्ष २०४१।४२ को बजेट प्रस्तुत गर्दा पब्लिक कम्पनी गठन गर्न प्रोत्साहन गरी जनसाधारणको सहभागिता बढाउन तथा जनतामा बचत तथा लगानी गरौं भन्ने भावनालाई जगाउन फर्म,कम्पनी तथा संगठित संस्थाको व्यापारिक आयमा साविकमा थप कर लाग्ने भैरहेकोमा त्यस्ता व्यावसायिक निकायको सूचीकरण सेक्यूरिटी खरीद बिक्री केन्द्रमा भएमा तिनीहरूको आयमा थप कर नलाग्ने व्यवस्था गरिएको थियो । यस क्रमलाई अझै अघि बढाउने हेतुले सेक्यूरिटी खरीद बिक्री केन्द्रमा सूचीकरण भएका कम्पनीहरूलाई आयकरको उच्चत्तम दर ५५ प्रतिशतबाट घटाई २०४२।४३ आर्थिक वर्षमा ५० प्रतिशत गरिएको छ ।

५.६ फर्म, कम्पनी तथा सङ्गठित संस्थाहरूको व्यापारिक आयमा हाल थप १० प्रतिशत कर लागी आएकोमा आगामी आर्थिक वर्षमा यो थप कर नलाग्ने गरिएको छ ।

५.७ उपर्युक्त परिवर्तनहरूबाट आयकरदाताहरूलाई आफ्नो व्यवसाय वृद्धि गर्न प्रोत्साहन हुनेछ र राजस्व सङ्कलनमा भने कुनै फरक पर्ने छैन भन्ने अनुमान गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.८ शहरी क्षेत्रमा लागी आएको घर जग्गा करले गर्दा आफू बसोबास गरेको एउटा घरमा पनि कर तिर्न परेकोले आयको ठूलो स्रोत नहुने मध्यम वर्गीय जनसाधारणलाई मर्का परेको गुनासो छ। यसैलाई दृष्टिगत गरी यस्ता वर्गलाई राहत दिने उद्देश्यले आर्थिक वर्ष २०४२।४३ मा नेपाल अधिराज्यको कुनै शहरी क्षेत्रमा आफ्नो र आफ्नो परिवारको नाउँमा रहेको आफू बसेको एउटा घर जग्गालाई घर जग्गा कर प्रयोजनको लागि-मूल्याङ्कन गर्दा ३००० वर्ग फुट र घर अडेको जग्गाको अतिरिक्त आधा रोपनी जग्गा-सम्मलाई स्ववासी घरजग्गा मानी त्यसलाई कर लाग्ने मूल्यमा गणना नगर्ने र त्यसभन्दा बढी वर्गफुटको घर र जग्गा भएमा बढी जतिमा मूल्याङ्कनबाट हुने रकममा रु. १ लाखको छुट दिई घर जग्गा कर लगाइनेछ । आफू बसोबास गरेको घर जग्गा बाहेक अरू घर जग्गामा भने यस्तो रू. १ लाखको छुट दिइने छैन। यसबाट हाल कर तिर्नु पर्ने साना करदाताहरूलाई राहत हुनेछ। कर प्रशासनले ठूला करदाताहरूमा ध्यान केन्द्रित गर्न सक्ने हुनाले राजस्व सङ्कलनमा भने विशेष असर पर्ने छैन।

५.९ आर्थिक वर्ष २०४०।४१ देखि लगाइएको घर निर्माण करबाट एकातिर आशा गरे जस्तो कर सङ्कलन हुन सकेको छैन भने अर्को तिर यस क्षेत्रमा कर लगाउने अधिकार नगर पञ्चायतहरूमा नै हुनु उपयुक्त देखिन्छ । तसर्थ आगामी आर्थिक वर्षदेखि घर निर्माण कर खारेज गरिएको छ।

५.१० हाल क्यासीनोले वार्षिक रू. २७ लाख रोयल्टी तिर्ने गरी रहेकोमा आगामी आर्थिक वर्ष यसलाई वृद्धि गरी वार्षिक रू. ३० लाख गरिएको छ। यस बाहेक क्यासीनोमा आयकर कानूनबमोजिम लगाइनेछ ।

५.११ सवारी साधन करतर्फ हाल लागी आएको सवारी साधन करको दरमा परिवर्तन गरी आर्थिक वर्ष २०४२।४३ मा देहायबमोजिम कर लगाइनेछ।

| सवारीको किसिम | वार्षिक करको दर | |
|---|---|---|
| | निजी | भाडा |
| १३०० सी. सी. सम्मको कार, जीप, भ्यान | रू. २।७० प्रति १० सी. सी. | रू. ६१०।– |
| १३०१ सी.सी. देखि २००० सी.सी. सम्मको ,, | रू. ३।४० ,, ,, ,, | रू. ६४०।– |
| २००१ सी. सी. देखि २६०० सी. सी. सम्मको ,, | रू. ४।– ,, ,, ,, | रू. १३२५।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २६०१ सी. सी. देखि माथिको ,, | रू. ५।३० | " " " | रू. १८२५।– |
| ट्रक | रू. ४०००।– | | रू. ४५००।– |
| बस | रू. २८००।– | | रू. ४०००।– |
| मिनिबस | रू. १७००।– | | रू. २२५०।– |
| अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर | रू. २२५।– | | रू. २३५।– |
| मोटर साइकल १५० सी. सी. सम्म | रू. ५०।– | | रू. ७०।– |
| मोटर साइकल १५० सी. सी. भन्दा माथि | रू. ७०।– | | रू. ११०।– |

५.१२ यस दर परिवर्तनबाट रू. २५ लाख थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.१३ मनोरञ्जनकरतर्फ सिनेमाहरूको लागि कायम गरिएको प्रवेश शुल्क र मनोरञ्जनकरलाई यथावत नै कायम राखिएको छ । नेपाली चलचित्र निर्माताहरूले पाउने ५० प्रतिशत अनुदान तत्कालै पाउन् भन्ने उद्देश्यले कर कार्यालयहरूमा उक्त रकम धरौटी खातामा राखी सोझै कर कार्यालयहरूले दिने व्यवस्था गरिएको छ। तर नेपाली चलचित्र निर्माताहरूले पाउने यस्तो ५० प्रतिशत अनुदान विदेशमा निर्माण भै नेपाली भाषामा डबिङ्ग मात्र गरी प्रदर्शन गरेको चलचित्रले भने पाउने छैन ।

५.१४ आगामी वर्षदेखि निम्नलिखित क्षेत्रमा तल उल्लेख गरिएबमोजिम सेवा र वस्तुहरूको बिक्री रसिद दिंदा अनिवार्य रूपले आय टिकट लगाउनु पर्ने व्यवस्था गरिएको छः–

| क्षेत्र | इकाई | दर |
|---|---|---|
| (क) हवाई टिकट खरीद गर्दा | मोल प्र. श. | १ |
| (ख) दूर सञ्चार सेवा शुल्क बुझाउँदा | ,, | १ |
| (ग) सवारी चालक अनुमतिपत्र लिंदा तथा नवीकरण गर्दा | प्रति १ | रू. १।– |
| (घ) सवारी साधन दर्ता तथा नवीकरण गर्दा | प्रति १ | रू. १।– |
| (ङ) हात-हतियार लाइसेन्स लिंदा तथा नवीकरण गर्दा | प्रति १ | रू. १०।– |
| (च) निकासी पैठारी प्रज्ञापनपत्रहरूमा | प्रति १ | रू. १०।– |
| (छ) नियमित व्यापारिक तथा आयातको लागि पाइने परिवर्त्य विदेशी मुद्राको सटही सुविधा बाहेक अरू थप सुविधा र निजी खर्चको लागि परिवर्त्य विदेशी मुद्रा खरीद गर्दा | प्रति अमेरिकी डलर १ बराबर | रू. ३।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) वाणिज्य बैङ्कहरूको माध्यमद्वारा एल. सी. खोली वा नखोली पैठारीको लागि गरिने भुक्तानीमा बाहेक ने. रू. तिरी भा. रू. मा टी. टी., ड्राफ्ट वा नगद खरीद गर्दा — प्रति भा. रू. १०।– रू. ।१५पैसा

५.१५ उपर्युक्त व्यवस्थाबाट रू. ५ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.१६ मालपोत, भूमिकर र रजिष्ट्रेशन दस्तूरको सम्बन्धमा हाल कायम रहेको दरलाई यथावत नै राखिएको छ ।

५.१७ उपर्युक्त परिवर्तनहरूबाहेक हाल लागू रहेका अरू सबै प्रत्यक्ष करहरू यथावत नै कायम राखिएको छ ।

५.१८ अब म अप्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.१९ सर्वप्रथम आजदेखि लागू हुने गरी भन्सार दरसम्बन्धी प्रस्ताव पेश गर्दछु । भन्सार दरबन्दीमा परिवर्तन गर्दा राजस्वको दृष्टिकोण मात्र नराखी केन्द्रीय टेरिफ बोर्डको सिफारिशसमेत मुख्य चार कुराहरूलाई ध्यानमा राखेको छु । पहिलो, सर्वसाधारणले प्रयोग गर्ने वस्तुहरू सुपथ मूल्यमा उपलब्ध गराउने; दोस्रो, स्वदेशका उद्योगहरूलाई आवश्यक संरक्षण प्रदान गर्ने; तेश्रो, भारतबाट हुने आयात यथासक्य ए. आर. वन. फर्मअन्तर्गत पैठारी गर्न प्रोत्साहित गर्ने र चौथो, विभिन्न श्रोतहरूबाट हुने आयातमा विभिन्न पैठारी महसूल दर लाग्ने भएकोमा समान दर कायम गर्दै लैजाने ।

५.२० सर्वसाधारण जनताले उपभोग गर्ने वस्तुहरू सुलभ र सुपथ मूल्यमा उपलब्ध होस् भन्ने उद्देश्यले मट्टीतेल र कपडाको जुत्ता जस्ता उपभोग्य वस्तुहरूको पैठारी महसूल दर घटाइएको छ ।

५.२१ स्वदेशी उद्योगहरूलाई संरक्षण गर्न बैङ्कलेजर, खातापत्र, प्रारंभिक सेल र ब्याट्रिहरू र कीटनाशक औषधिहरूमा पैठारी महसूल दर बढाइएको छ । यसबाट हाल बैङ्कहरूले बैङ्कका लेजर तथा बहीखाता बाहिर छाप्न लैजान निरूत्साहित हुने भै देशकै छापाखानाहरूमा छापिने हुन्छ । त्यस्तै, हाल विदेशी वस्तुहरूसंग प्रतिस्पर्धा गर्न कठिनाइ भोगिरहेका ती स्वदेशी उद्योगहरूले संरक्षण पाउने छन् ।

५.२२ चालू वर्षको बजेट प्रस्तुत गर्दा ए. आर. वन. फर्मअन्तर्गतको पैठारीलाई प्रोत्साहित गर्न केही वस्तुहरूमा लागेको सरचार्जहरू हटाइएको थियो । यसबाट सकारात्मक प्रभाव परी भारतीय अन्तःशुल्क फिर्तामा उल्लेखनीय वृद्धि भएको छ । ए. आर. वन. फर्मबाट आयात भएमा पैठारी महसूल नलाग्ने भै सर्वसाधारण उपभोक्तालाई कम मूल्य पर्ने तथ्यलाई दृष्टिगत गरी भारतीय स्थानीय बजारबाट हुने कपडाको पैठारीमा केही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारी महसूल वृद्धि गरिएको छ। यसबाट ए. आर. वन. फर्मअन्तर्गत कपडाको पैठारी भई उपभोक्तालाई मूल्यमा सहुलियत हुने भएकोले यस प्रक्रियालाई प्रोत्साहन दिइएको छ। साथै विकासका सामग्रीहरू तथा उपभोग्य वस्तुहरू देशमा सुलभ तथा सुपथ मूल्यमा उपलब्ध होस् भन्ने हेतुले समुद्रपारबाट आयात गर्न लिनु पर्ने इजाजतपत्रमा हाल लागेको इजाजत दस्तूर घटाइनेछ।

५.२३ हाल सिमेन्ट र कोइलामा भारतमा लागेको अन्तःशुल्कभन्दा अन्य मुलुकहरूबाट आयात हुने सिमेन्ट र कोइलामा कम पैठारी महसूल दर लागेको छ। यसकारण भारतीय अन्तःशुल्क पूरा फिर्ता प्राप्त हुन सकेको छैन। तर यी वस्तुहरूमा पैठारी महसूल बाहेक लाइसेन्स दस्तूर र अरू करहरू लाग्ने गरेकोले वास्तविक करको दर भने भारतीय अन्तःशुल्कको दरभन्दा बढी पर्दछ। तसर्थ, आयातीत सिमेन्टमा लागिआएको इजाजत दस्तूर घटाई १ प्रतिशत गर्नुको साथै बिक्री कर पनि घटाई १ प्रतिशत मात्र गरिएको छ। पैठारी महसूलतर्फ केही वृद्धि गरिएको छ। यसबाट यी वस्तुहरूमा लाग्ने करभार नबढ्ने भई मूल्यवृद्धि हुने छैन र राजस्वमा करीब ८० लाखले वृद्धि हुनेछ।

५.२४ विभिन्न देशहरूबाट आयात गरिने वस्तुहरूको भन्सार महसूल दरमा भिन्नता रहेकोमा त्यसमा सामन्जस्य ल्याउने क्रममा केही वस्तुहरूको नयाँ दरबन्दी लागू गरिएको छ।

५.२५ निकासी व्यापारलाई प्रोत्साहन दिन गहूँ, साल सीड र ब्रानको पीनामा लागेको निकासी महसूल घटाइएको छ। तर खयरको मुडा, हाँगा विंगा, जराजस्ता वस्तुहरूमा निकासी महसूल बढाइएको छ।

५.२६ संशोधित भन्सार महसूल दरहरू अनुसूची १, २, ३ र ४ मा दिइएको छ। उपर्युक्त परिवर्तनहरूबाट करीब रू. २ करोड थप राजस्व प्राप्त हुने अनुमान छ।

५.२७ यी माथि उल्लिखित परिवर्तनहरूबाहेक अरू भन्सार दर साविकै अनुसार कायम राखिएको छ।

५.२८ अब म आजदेखि लागू हुने गरी अन्तःशुल्कतर्फ प्रस्तावहरू पेश गर्दछु।

५.२९ गतवर्ष बजेट प्रस्तुत गर्दा औद्योगिक प्रतिष्ठानले आफ्नो उत्पादनको बढ्दो बिक्री मूल्यबाट प्राप्त गर्ने आयको वृद्धि राजस्वमा पनि प्रतिविम्बित हुनु पर्दछ भन्ने उद्देश्यले केही वस्तुहरूमा परिमाणको साथै मूल्यगत आधारमा अन्तःशुल्क लगाउने व्यवस्था भएको हो। यसबाट राजस्वमा सकारात्मक लक्षणहरू देखा परेका छन्। यसै क्रमलाई अगाडि बढाउन अब २४ वस्तुहरूमा परिमाणगत र मूल्यगत दुवै आधारमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तःशुल्क लगाइनेछ। यसो गर्दा हाल पूर्णतः परिमाणगत आधारमा अन्तःशुल्क लागेकोमा मूल्यगत आधारलाई सामान्यतः २५ प्रतिशत भार दिइएको छ भने मूल्यगत आधारमा लागेका वस्तुहरूमा ६० प्रतिशत भार दिइएको छ। यसबाट यी वस्तुहरूमा लाग्ने करको भारमा कुनै फरक पर्ने छैन।

५.३० देशमा उत्पादित सिमेन्टको कारखानाले बिक्री गर्ने मूल्य र उपभोक्ताले तिर्ने मूल्यबीच रहेको फरकलाई ध्यानमा राखी सिमेन्टमा अन्तःशुल्क दर केही वृद्धि गरिएको छ।

५.३१ निम्नकोटिका मदिरामा हाल दुई किसिमको दरबन्दी भएकोमा तीन किसिमको दरबन्दी कायम गर्नुको साथै केही दर वृद्धि गरिएको छ।

५.३२ उपभोक्ताहरूको हित तथा स्वदेशी उद्योगहरूले सामना गर्नु परेको कठिनाइहरूलाई समेत ध्यानमा राखी सलाई र ऊनी धागोमा अन्तःशुल्क दर घटाइएको छ।

५.३३ फलफूलबाट बनाइने वाइन, साइडर, सुगन्धरहित केशतेल जस्ता केही उद्योगहरूमा अन्तःशुल्क दरबन्दी कायम गरिएको छ।

५.३४ हाल समदरमा अन्तःशुल्क लागिआएको चामल मीलले हस्कर र पोलिसर जडान गरेमा हस्कर राखेमा थप ४०% र पोलिसर राखेमा १०% थप अन्तःशुल्क बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

५.३५ संशोधित अन्तःशुल्क दरबन्दी अनुसूची ५ मा दिइएको छ। उपर्युक्त व्यवस्थाबाट रू. १ करोड थप राजस्व प्राप्त हुने अनुमान छ।

५.३६ माथि उल्लिखित परिवर्तनहरूबाहेक अन्तःशुल्कतर्फ अरू दरहरू यथावत कायम राखिएको छ।

५.३७ उद्योगहरूले प्रयोग गर्ने कच्चा पदार्थमा पैठारी कै अवस्थामा नै बिक्री कर लाग्ने व्यवस्था हटाई औद्योगिक प्रतिष्ठानले आफ्नो उत्पादन बिक्री गर्दाको अवस्थामा बिक्री कर लगाइने व्यवस्था आर्थिक वर्ष २०४१।४२ मा गरिएकोमा केन्द्रीय टेरिफ बोर्डको सिफारिशलाई ध्यानमा राखी अबदेखि उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थमा मार्कअप नगरी अग्रिम बिक्री कर भन्सारमा पैठारीको अवस्थामा नै लिई पछि उद्योगले बिक्री कर बुझाउँदाको अवस्थामा कट्टागर्दै जान पाउने व्यवस्था गरिएको छ। यस व्यवस्थाबाट उद्योगपतिहरूलाई पैठारी गर्दा कै अवस्थामा भन्सार कार्यालयले अग्रिम बिक्री कर दाखिलाको पासबुक दिने हुँदा उद्योगपतिहरूलाई आयातीत कच्चा पदार्थको हिसाब राख्न र नियमानुसार पाउने सुविधाहरू उपभोग गर्न सुगम हुने आशा राखेको छु। साथै, केन्द्रीय टेरिफ बोर्डको सुझावलाई दृष्टिगत गरी विदेशी कच्चा पदार्थमा आधारित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केही घरेलु उद्योगहरूमा कच्चा पदार्थको पैठारीको अवस्थामा नै बिक्री कर लगाउने व्यवस्था पनि गरेको छु ।

५.३८ संशोधित बिक्री करका दरहरू अनुसूची ६ मा दिइएको छ । उपर्युक्त व्यवस्थाबाट रू. १ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.३९ उपर्युक्त परिवर्तनहरूबाहेक बिक्री करको अरू दर यथावत कायम राखिएको छ ।

५.४० माथि उल्लिखित करहरूबाहेक अरू करहरू यथावत नै राखिएको छ ।

५.४१ अध्यक्ष महोदय,

मैले अघि आगामी वर्ष २०४२।४३ को आय-व्यय विवरण प्रस्तुत गर्दा जम्मा रू. १ अरब ५१ करोड १८ लाख २६ हजार न्यून हुने उल्लेख गरेको थिएँ । यसमध्ये प्रस्तावित कर परिवर्तनबाट जम्मा रू. ९ करोड २८ लाख प्राप्त हुने हुनाले रू. १ अरब ४१ करोड ९० लाख २६ हजार न्यून हुन जानेछ । यो न्यूनलाई पूर्ति गर्न रू. ५० करोड गैरबैङ्किक क्षेत्रबाट आन्तरिक ऋण उठाउने प्रस्ताव गरेको छु । बाँकी रू. ९१ करोड ९० लाख २६ हजार बैङ्किङ्ग क्षेत्रबाट ऋण उठाउने प्रस्ताव गरेको छु । वर्तमान आर्थिक स्थितिको सन्दर्भमा यसबाट अर्थ व्यवस्थामा प्रतिकूल असर नपर्ने कुरा माननीय सदस्यज्यूहरूलाई विश्वास दिलाउन चाहन्छु ।

## ६

अध्यक्ष महोदय,

६.१ वर्तमान स्थितिमा आन्तरिक साधनले मात्र आर्थिक विकासका लक्ष्यहरू हासिल गर्नु सम्भव नहुने भएकोले वाह्य सहायताको योगदान महत्वपूर्ण छ । तसर्थ राष्ट्रिय प्राथमिकता अनुरूपका आयोजना तथा कार्यक्रमहरूको लागि वैदेशिक सहयोग जुटाउनु परेको छ । हालसम्म विभिन्न मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूले हाम्रा विकास कार्यक्रमहरूमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गर्दै आएका पनि छन् । आगामी वर्षहरूमा पनि हाम्रो विकास प्रयासमा यसप्रकारको सहयोग बढी मात्रामा उपलब्ध हुने विश्वास लिएको छु । यस अवसरमा श्री ५ को सरकारको तर्फबाट सहायता दिने सबै मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूप्रति आभार व्यक्त गर्दछु ।

६.२ अध्यक्ष महोदय, नेपालीको श्रम, सीप र साधनको बढीभन्दा बढी उपयोग हुन सक्ने वातावरण खडा गर्नु नै आर्थिक विकासको जग मजबूत गरेर लैजानु हो । यस परिप्रेक्ष्यमा भविष्यमा श्री ५ को सरकारले स्वयं सञ्चालन गरेको आयोजना समयमै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किफायत गरेर सिध्याउनु पर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर सर्वसाधारण जनताको आकांक्षा र प्रतिभालाई मौलाउने उपयुक्त वातावरण सिर्जना गर्नु पनि त्यत्तिकै आवश्यक छ । यसक्रममा उत्पादन वृद्धिको साथै सहभागिता गाउँस्तरमा समेत व्यापक रूपमा हामीले पुऱ्याउनु पर्दछ । यी सबै पक्षलाई लिएर हामी अगाडि बढ्नु पर्छ र यसबाटै निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको जनपक्षीय आदर्शहरू हामी कार्यान्वयन गर्न सक्नेछौं भन्ने कुरामा म विश्वस्त छु । प्रस्तुत बजेटले यी दृष्टिकोणलाई आत्मसात गरेको छ र यही लक्ष्यतिरै नीति र कार्यक्रम अभिप्रेरित भएका छन् ।

६.३ अध्यक्ष महोदय, आर्थिक दृष्टिकोणले हामी पिछडिएका छौं र यो स्थितिमा सर्वसाधारण जनताको हितलाई सर्वोपरि राखी परिवर्तन ल्याउनु आजको चुनौति हो । हामीसँग समस्याहरू प्रशस्त छन् । तर हामी नेपाली हिम्मत र आत्म-विश्वासका धनी छौं । राष्ट्रको अगाडि आएका विभिन्न चुनौतिहरूलाई हामीले बितेका वर्षहरूमा सफलताकासाथ पार गरेका छौं । आज हाम्रो अगाडि नेपालीको जीवनस्तर उठाउने, गरीबी हटाउने र शान्ति र स्थायित्वको वातावरणमा सारा नेपालीलाई अँगालेर राष्ट्रलाई हाम्रो सभ्यता र संस्कृतिको गौरवमय पृष्ठभूमिमा विश्व मानचित्रमा उज्यालो बत्तीको रूपमा पेश गर्ने जिम्मेवारी छ । श्री ५ महाराजाधिराज सरकारको वरद् नेतृत्वले हामीलाई यतातिर अगाडि बढ्ने प्रेरणा दिएको छ । श्री ५ को सरकारको यस बजेटले यही भविष्यप्रति सचेत रही नीति र कार्यक्रम तर्जुमा गरेको छ । यस पुनीत कार्यमा माननीय सदस्यहरूबाट सहयोग, सुझाव, मार्ग निर्देशन र प्रेरणा मिल्ने छ भन्ने मैले आशा गरेको छु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५६

## आय व्ययको विवरण

रू. हजारमा

| २०४०।४१ को यथार्थ | विवरण | २०४१।४२ को संशोधित अनुमान | २०४२।४३ को अनुमान |
|---|---|---|---|
| ७,४३,७२,९७ | कुल खर्च | ८,५२,२८,३० | ११,४८,९३,६४ |
| २,२७,३५,०७ | साधारणतर्फ | २,९९,५२,०० | ४,००,३०,०६ |
| ५,१६,३७,९० | विकासतर्फ | ५,५२,७६,३० | ७,४८,६३,५८ |
| | खर्च व्यहोर्ने स्रोतहरू | | |
| ३,४०,९३,२४ | राजस्वबाट | ४,०५,५४,१५ | ५,५२,८१,९० |
| | आयको वर्तमान स्रोतबाट | | ५,४३,५३,९० |
| | कर परिवर्तनबाट | | ९,२८,०० |
| ८७,६५,९४ | विदेशी सहायता (अनुदान) | १,०९,७४,६७ | १,९२,४६,५७ |
| ७६,५५,४९ | द्वि पक्षीय | ८८,०३,९६ | १,५६,१७,६० |
| ११,१०,४५ | बहु पक्षीय | २१,७०,७१ | ३६,२८,९७ |
| −३,१५,१३,७९ | बचत (+) वा न्यून (−) | −३,३६,९९,४८ | −४,०३,६५,१७ |
| | न्यून पूर्ति गर्ने स्रोतहरू | | |
| १,६७,०९,०५ | विदेशी सहायता (ऋण) | १,७०,१८,९० | २,६१,७४,९१ |
| २१,७६,९७ | द्वि पक्षीय | २०,४३,९० | ४३,४४,१६ |
| १,४५,३२,०८ | बहु पक्षीय | १,४९,७५,०० | २,१८,३०,७५ |
| १,४८,०४,७४ | आन्तरिक ऋण | १,६६,८०,५८ | १,४१,९०,२६ |
| ९८,०४,७४ | (क) बैङ्किङ्ग क्षेत्रबाटऋण | १,१६,८०,५८ | ९१,९०,२६ |
| ५०,००,०० | (ख) गैरबैङ्किङ्ग क्षेत्रबाट ऋण | ५०,००,०० | ५०,००,०० |
| × | नगद मौज्दात (बचत−) | × | × |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजस्व अनुमान
## २०४२।४३

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कुल जम्मा | ५,४३,५३,९० | ९,२८,०० | ५,५२,८१,९० |
| १.१ १.० | भन्सार महसूल | | १,३०,००,०० | २,००,०० | १,३२,००,०० |
| १.१.१ १ | | पैठारीबाट | १,१२,५४,०० | १,२०,०० | १,१३,७४,०० |
| १.१ १ २ | | निकासीबाट | ५,८१,०० | × | ५,८१,०० |
| १ १ १ ३ | | भारतीय अन्त:शुल्क फिर्ता | ११,६३,०० | ८०,०० | १२,४३,०० |
| १.१ १.४ | | भन्सारको अन्य आय | २,०० | × | २,०० |
| १.१ २ ० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | २,१३,९५,०० | २,००,०० | २,१५,९५,०० |
| १.१ २.१ | | औद्योगिक उत्पादनमा अन्त:शुल्क | ६१,५०,०० | १,००,०० | ६२,५०,०० |
| १.१.२ २ | | मद्भट्टी ठेक्का रकम | ५०,०० | × | ५०,०० |
| १ १.२ ३ | | बिक्री कर | १,२५,००,०० | १,००,०० | १,२६,००,०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.२.४ | | मनोरञ्जन कर | ३,००,०० | × | ३,००,०० |
| १.१.२.६ | | होटेल कर | ४,६०,०० | × | ४,६०,०० |
| १.१.२.७ | | हवाई उडान कर | ३,००,०० | × | ३,००,०० |
| १.१.२.८ | | ठेक्का कर | १५,३५,०० | × | १५,३५,०० |
| १.१.२.९ | | सडक पूल सम्भार कर | १,००,०० | × | १,००,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २२,००,०० | ५,००,०० | २७,००,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ७,०८,०० | × | ७,०८,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | १४,९२,०० | × | १४,९२,०० |
| १.१.३.४ | | टिकट दस्तुर | × | ५,००,०० | ५,००,०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ५१,१५,०० | २८,०० | ५१,४३,०० |
| १.१.४.१ | | आयकर—सरकारी क्षेत्र | १५,००,०० | × | १५,००,०० |
| १.१.४.२ | | आयकर-अर्ध सरकारी क्षेत्र | १,२५,०० | × | १,२५,०० |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
295

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.४.३ | | आयकर-सार्वजनिक क्षेत्र | १,००,०० | × | १,००,०० |
| १.१.४.४ | | आयकर-निजी क्षेत्र | २५,२५,०० | ३,०० | २५,२८,०० |
| १.१.४.५ | | आयकर-पारिश्रमिक | २,५०,०० | × | २,५०,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | २,२५,०० | × | २,२५,०० |
| १.१.४.८ | | सवारी साधन कर | १,९०,०० | २५,०० | २,१५,०० |
| १.१.४.९ (क) | | व्याजकर | २,००,०० | × | २,००,०० |
| | | | ३०,०२,०० | × | ३०,०२,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | | | |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ८८,५० | × | ८८,५० |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | १३,५० | × | १३,५० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | १,००,०० | × | १,००,०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

220

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | १,५०,०० | × | १,५०,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | २६,५०,०० | × | २६,५०,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | २६,८०,०० | × | २६,८०,०० |
| १.१.६.१ | | पिउने पानी महसूल | १५,०० | × | १५,०० |
| १.१.६.२ | | पानीपोत | १५,०० | × | १५,०० |
| १.१.६.३ | | विद्युत महसूल | २,५०,०० | × | २,५०,०० |
| १.१.६.४ | | हुलाक सेवा | ४,००,०० | × | ४,००,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १,५०,०० | × | १,५०,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १,००,०० | × | १,००,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ६,५०,०० | × | ६,५०,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ६,२५,०० | × | ६,२५,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ४,७५,०० | × | ४,७५,०० |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.७.० | लाभांश | | ८,००,०० | × | ८,००,०० |
| १.१.७.१ | | वित्तीय संस्था | ७,००,०० | × | ७,००,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १०,०० | × | १०,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ६०,०० | × | ६०,०० |
| १.१.७.४ | | सेवामलक संस्था. | ३०,०० | × | ३०,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | २२,८५,०० | × | २२,८५,०० |
| १.१.८.१ | | खानी रोयल्टी | २५,०० | × | २५,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | १,६०,०० | × | १,६०,०० |
| १.१.८.४ | | अन्य बिक्री | २१,००,०० | | २१,००,०० |
| १.१.९.० | साँवा र ब्याज | | ३७,६४,४० | × | ३७,६४,४० |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | १४,३०,७० | × | १४,३०,७० |
| १.१.९.२ | | ब्याज कम्पनी र संस्थानहरूबाट | २३,१८,७० | × | २३,१८,७० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १५,०० | × | १५,०० |
| १.१.९.० (क) | विविध आय | | १,१२,५० | × | १,१२,५० |
| १.१.९.४ | | विविध आय | १,१२,५० | × | १,१२,५० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

# आर्थिक वर्ष २०४०।४१ को यथार्थ र २०४१।४२ को संशोधित अनुमान

## (राजस्व)

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | ३,४०,६३,२४ | ४,०५,५४,१५ |
| १.१.१.० | भन्सार महसूल | | ८२,५८,६८ | १,०६,४०,०० |
| १.१.१.१. | | पैठारीबाट | ७४,६१,५८ | ६१,१३,०० |
| १.१.१.२ | | निकासीबाट | ३,०३,५८ | ५,२५,०० |
| १.१.१.३ | | भारतीय अन्त:शुल्क फिर्ता | ४,६०,२४ | १०,००,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | ३,२८ | २,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | १,३६,६३,४६ | १,५६,३५,३५ |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्त:शुल्क | ४२,५७,८२ | ४८,६०,०० |
| १.१.२.२ | | मद्भट्टी ठेक्का रकम | ६३,४८ | ३५ |
| १.१.२.३ | | बिक्री कर | ७७,०७,३३ | ८६,५०,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | २,३६,६१ | २,५३,०० |
| १.१.२.६ | | होटेल कर | ३,४४,७७ | ३,७५,०० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.२.७ | | हवाई उडान कर | २,५४,२५ | २,६६,०० |
| १.१.२.८ | | ठेक्का कर | ७,८३,१८ | ११,००,०० |
| १.१.२.६ | | सडक पुल सम्भार कर | ४१,६० | १,००,०० |
| १.१.२.६ (क) | | घर निर्माण कर | ८५ | १,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २१,२३,८४ | २१,५०,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ७,७१,७८ | ८,११,०० |
| १.१.३.२ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | १३,५२,०६ | १३,३६,०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ३२,६३,७७ | ३८,५०,०० |
| १.१.४.१ | | आयकर-सरकारी क्षेत्र | ६,३७,२२ | १२,००,०० |
| १.१.४.२ | | आयकर-अर्ध सरकारी क्षेत्र | २२,१४ | १,००,०० |
| १.१.४.३ | | आयकर-सार्वजनिक क्षेत्र | ८,०४ | — |
| १.१.४.४ | | आयकर-निजी क्षेत्र | २१,२५,२५ | १६,००,०० |
| १.१.४.५ | | आयकर-पारिश्रमिक | १,१६,७८ | २,००,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | १,४२,६७ | १,२५,०० |
| १.१.४.८ | | सवारी साधन कर | १,६२,४४ | १,५०,०० |
| १.१.४.६(क) | | व्याज कर | ७८,६३ | १,७५,०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | १७,०५,५३ | २७,२४,५० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ७२,८२ | ७५,०० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रेशन | १,३४ | १,०० |
| १.१.५.३ | | बन्दूक, पिस्तोल, रजिष्ट्रेशन दस्तूर | ८,११ | ८,५० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ६३,४६ | ७०,०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | १,१२,७१ | १,२०,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | १४,४७,०९ | २४,५०,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | २२,५७,४३ | २४,००,०० |
| १.१.६.१ | | पिउने पानी महसूल | ८,१९ | १०,०० |
| १.१.६.२ | | पानीपोत | ६,६७ | १०,०० |
| १.१.६.३ | | विद्युत् महसूल | २,४३,९७ | २,२५,०० |
| १.१.६.४ | | हुलाक सेवा | ३,२४,१४ | ३,१०,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १,१६,६४ | १,२०,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ६३,०५ | ७५,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ६,०६,१४ | ८,००,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ४,११,९७ | ४,२५,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ४,७३,३६ | ४,२५,०० |
| १.१.७.० | लाभांश | | १०,९०,२० | ९,०६,८० |
| १.१.७.१ | | वित्तीय संस्था | १०,३५,३४ | ८,१०,०० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.७.२ | | व्यापारिक संस्था | १,२७ | ५,८० |
| १.१.७.३ | | औद्योगिक संस्था | २३,५६ | ६०,०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ३०,०० | ३१,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | ४,०५,७७ | २,८५,०० |
| १.१.८.१ | | खानी रोयल्टी | १७,०३ | २०,०० |
| १.१.८.२ | | विद्युत् रोयल्टी | १,७६ | १,००,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | २५,८५ | ५५,०० |
| १.१.८.४ | | अन्य बिक्री | ३,६१,१० | १,१०,०० |
| १.१.८.० | (क) टकमरी तथा टक्सारको अन्य आय | | ३७,११ | — |
| १.१.८.७ | | टकमरी | २९,१६ | |
| १.१.८.८ | | टक्सारको अन्य आय | ७,९५ | — |
| १.१.९.० | साँवा र ब्याज | | ११,७३,९७ | १५,६२,०० |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | ६,७१,१८ | ६,५०,०० |
| १.१.९.२ | | ब्याज-कम्पनी र संस्थानहरूबाट | ४,९१,९८ | ६,००,०० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १०,८१ | १२,०० |
| १.१.९.० | (क) विविध आय | | ५३,४५ | १,००,५० |
| १.१.९.४ | | विविध आय | ५३,४५ | १,००,५० |



२२६

## व्यय अनुमान
## (साधारण बजेट)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान | शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान | २०४२।४३ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्ग | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | १,७१,६६ | १,७२,५१ | २,५५,२५ |
| | १–२ | राजसभा | १६,५३ | १८,६६ | २२,२५ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ७६,४६ | ८५,५२ | १,११,७५ |
| | १–४ | महालेखा परीक्षकको विभाग | ७०,६० | ६७,३२ | १,२५,६४ |
| | १–५ | सर्वोच्च अदालत | ३६,४६ | ३२,७८ | ४६,०९ |
| | १–६ | लोक सेवा आयोग | ८५,४३ | ६०,४६ | ६२,७५ |
| | १–७ | निर्वाचन आयोग | ३६,७३ | ६०,१४ | ६,१८,७५ |
| | १–८ | अख्तियार दुरूपयोग निवारण आयोग | १३,५५ | १०,६३ | १३,३५ |
| | १–९ | महान्यायाधिवक्ताको कार्यालय | १५,४४ | १५,८४ | १६,४५ |
| | १–१० | पञ्चायत नीति तथा जाँचबुझ समिति | ५४,४४ | ५८,२४ | ८१,७६ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | ३५,५३ | ४२,५७ | ५६,६६ |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | ४,१४,८४ | ४,२२,६४ | ५,४६,११ |
| | २–३ | जिल्ला प्रशासन | ३,४६,६६ | ४,११,४८ | ५,३०,८२ |
| | २–४ | प्रहरी | २३,७४,३६ | २६,०२,६१ | ४१,११,४२ |
| | २–५ | कारागार | २,३४,६५ | २,४८,५८ | २,७५,४६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान | २०४२।४३ को अनुमान |
|---|---|---|---|---|---|
| | २–६ | विविध | १,०१,८६ | १,०५,२५ | १,३५,६१ |
| | २–७ | प्रशासन सुधार | १,५० | १,५० | ४,५० |
| ३ | ३–१ | मालपोत | २,६७,६३ | २,६०,७६ | ३,७१,७४ |
| राजस्व प्रशासन | ३–२ | भन्सार | १,७०,५८ | १,६१,८१ | २,४६,३७ |
| | ३–३ | अन्तःशुल्क | ७०,८३ | ७६,१० | ६३,५६ |
| | ३–४ | कर | ७४,०० | ८०,३८ | ६६,१० |
| | ३–५ | राजस्व न्यायाधिकरण | २,५२ | २,४६ | ३,५५ |
| ४ | ४–१ | योजना | ११,२७ | १५,०८ | १७,६६ |
| आर्थिक प्रशासन र योजना | ४–२ | तथ्याङ्क | १०,०७ | १०,७७ | १५,५६ |
| | ४–३ | महालेखा नियन्त्रक कार्यालय | २,०६,४८ | २,३८,६६ | ३,२१,५१ |
| | ४–४ | मेट्रिक नापतौल | २०,०५ | २०,८२ | २६,४६ |
| ५ | ५–१ | अदालत | ३,६६,०४ | ४,३५,३२ | ५,७३,६५ |
| न्याय प्रशासन | ५–२ | अ. दु. नि. पुनरावेदन अदालत | २,६० | २,५७ | ३,४४ |
| ६ | ६–१ | वैदेशिक सेवा | ४,५५,३२ | ५,२५,६१ | ६,१०,३६ |
| वैदेशिक सेवा | ६–२ | विविध | ६३,३४ | १,३७,६६ | १,४६,६६ |



228

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान | २०४२।४३ को अनुमान |
|---|---|---|---|---|---|
| ७ | ७—१ | रक्षा | ३८,८७,६८ | ४४,५१,४९ | ५६,२७,८७ |
| रक्षा | ७—२ | विविध | ६,४८,५५ | ७,८०,४९ | ९,७९,६३ |
| ८ | ८—१ | शिक्षा | १३,७१,८० | १६,६९,११ | २३,१७,२९ |
| सामाजिक सेवाहरू | ८—२ | स्वास्थ्य | ११,७७,७९ | १४,७३,९० | १८,८५,०८ |
| | ८—३ | पिउने पानी | ५९,७२ | ९३,२० | १,०७,१५ |
| | ८—४ | पञ्चायत तथा स्थानीय विकास | ६,५०,१२ | ६,९५,६१ | ८,९१,६५ |
| | ८—५ | अन्य सामाजिक सेवाहरू | ३,४५,०० | २,८३,२० | ४,०३,९१ |
| ९ | ९—१ | कृषि | ५२,२४ | ६२,२२ | ७८,१३ |
| आर्थिक सेवाहरू | ९—२ | सिंचाइ | ५१,०९ | ६०,७६ | ६९,४७ |
| | ९—३ | भूमिसुधार | १,९२,४४ | १,६८,०३ | २,६०,३२ |
| | ९—४ | नापी | ७४,१४ | ८३,०२ | १,०८,७४ |
| | ९—५ | वन | ७९,७७ | ८६,१५ | १,२७,९३ |
| | ९—६ | उद्योग तथा खानी | ४४,३४ | ४९,१२ | ७६,८५ |
| | ९—७ | सञ्चार | ५,९७,७५ | ७,९३,२१ | ११,८६,९२ |
| | ९—८ | यातायात | ५,४६,०८ | ६,२७,५९ | ७,३९,३८ |
| | ९—९ | विद्युत | ७४,९२ | ८२,७२ | १,०९,४३ |
| | ९—१० | अन्य आर्थिक सेवाहरू | ३३,६८ | ३१,०१ | ४३,२३ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान | २०४२।४३ को अनुमान |
|---|---|---|---|---|---|
| १० | | | | | |
| ऋण तथा लगानी | १०–१ | ऋण र लगानी | — | १,०६,८४ | १,३२,६० |
| ११ | | | | | |
| सांवा र व्याज | ११–१ | साँवा भुक्तानी | १६,६५,१७ | १६,८४,१६ | ३०,८२,८६ |
| भुक्तानी | ११–२ | व्याज भुक्तानी | ३३,११,१० | ५०,१८,३६ | ७२,३७,६६ |
| १२ | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि- | | | |
| विविध | | मण्डलको भ्रमण खर्च | २,६३,४७ | २,७०,०० | ४,००,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ४,४६,६६ | ५,३०,०० | ६,७१,०० |
| | १२–३ | अतिथि सत्कार | १,६६ | ३,०० | ५,०० |
| | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | १,२४ | १,२१ | २,०० |
| | १२–५ | मुआब्जा | ३,७० | ४,४५ | १०,०० |
| | १२–६ | अन्य | ७,८३,६७ | ११,१७,५४ | २०,६२,०० |
| | १२–७ | भैंपरी आउने | ४,६६,७८ | २९,१३,८६ | १५,००,०० |
| | | | २,२७,३५,०७ | २,६६,५२,०० | ४,००,३०,०६ |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
220

## व्यय अनुमान
### (विकास बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान | २०४२।४३ को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २-७ | प्रशासन सुधार | १,२९,७५ | १,१९,३० | १,५०,१४ |
| ४ आर्थिक प्रशासन र योजना | ४-१ | योजना | १,०८,१५ | २८,४० | २४,४५ |
| | ४-२ | तथ्याङ्क | ४६,११ | ३४,६० | ३४,९४ |
| ८ सामाजिक सेवाहरू | ८-१ | शिक्षा | ६७,८६,२८ | ६७,१७,६० | १,००,८९,८८ |
| | ८-२ | स्वास्थ्य | १९,९८,२७ | २८,३९,०९ | ४०,३३,५५ |
| | ८-३ | पिउने पानी | २२,०८,५४ | २०,१७,०० | २६,०१,६३ |
| | ८-४ | पञ्चायत तथा स्थानीय विकास | ३३,४४,८२ | ३४,४३,१० | ४४,७३,२८ |
| | ८-५ | अन्य सामाजिक सेवाहरू | ५,९७,४६ | ६,७०,३० | ७,४१,४९ |
| ९ आर्थिक सेवाहरू | ९-१ | कृषि | ५४,७१,२० | ७४,१८,१० | ८६,२४,२१ |
| | ९-२ | सिंचाइ | ५४,५२,४९ | ६८,२५,४० | ८५,६२,६२ |
| | ९-३ | भूमिसुधार | २,१४,४२ | १,७३,४० | ३,११,८६ |
| | ९-४ | नापी | ४,५६,३३ | ४,१३,५० | ४,९५,५० |
| | ९-५ | वन | २३,४४,७७ | २६,५६,९० | ४१,८६,३९ |
| | ९-६ | उद्योग तथा खानी | ६५,१२,६६ | ४५,८४,५० | ४५,१८,१४ |
| | ९-७ | सञ्चार | ९,७२,२९ | १०,४९,५० | ९,१३,७३ |
| | | (क) हुलाक | (२१,११) | (५५,८०) | (४७,७३) |
| | | (ख) दूर सञ्चार | (९,५१,१८) | (९,९३,७०) | (८,६६,००) |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०४०।४१ को यथार्थ | २०४१।४२ को संशोधित अनुमान | २०४२।४३ को अनुमान |
|---|---|---|---|---|---|
| | ६–८ | यातायात | ७४,६८,०३ | ६६,४१,६० | ८७,६०,१३ |
| | | (क) सडकहरू | (६१,५७,३६) | (५३,२६,८०) | (६०,८४,७८) |
| | | (ख) पुलहरू | (४,१४,१६) | (६,६५,२०) | (६,४६,१६) |
| | | (ग) हवाई | (८,६६,५१) | (६,०७,५०) | (१६,६३,४३) |
| | | (घ) अन्य यातायात | — | (६,४०) | (६२,७३) |
| | ६–९ | विद्युत् | ६५,२६,८७ | ५१,७८,३० | १,३६,०७,५२ |
| | ६–१० | अन्य आर्थिक सेवाहरू | ३,६६,६२ | ३,६१,०० | ७,०४,१२ |
| | | (क) वाणिज्य | (१,६१,८६) | (१,६६,५०) | (१,२५,२७) |
| | | (ख) श्रम | (५१,६६) | (३७,२०) | (५४,२१) |
| | | (ग) पर्यटन | (६८,४५) | (५३,१०) | (६१,१२) |
| | | (घ) हावापानी तथा जलविज्ञान | (६४,१६) | (१,२०,६०) | (१,३४,७७) |
| | | (ङ) अन्य | (२३,४३) | (१३,६०) | (३,२८,७५) |
| १२ | १२–६ | अन्य | २,०६,२४ | ८,२०,०० | १२,००,०० |
| विविध | १२–७ | भैपरी आउने | ३,८७,६० | २६,५४,५० | ८,००,०० |
| | | | ५,१६,३७,६० | ५,५२,७६,३० | ७,४८,६३,५८ |

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।